का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ भदौ २०७९,
आइतबार
28 August 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक






# एमालेबाट ओली प्रधानमन्त्रीका उम्मेदवार

प्रमुख प्रतिपक्षी नेकपा एमाले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई भावी प्रधानमन्त्रीमा अगाडि सारेर चुनावमा जाने भएको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ भदौ ।

४ मंसिरका प्रदेश र प्रतिनिधिसभाको चुनाव हुँदैछ । चुनावी रणनीति तय गर्न बसेको प्रमुख प्रतिपक्षी नेकपा एमालेकको केन्द्रिय समितिको बैठकले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीमा अगाडि सारेर चुनावमा जाने निर्णय गरेको छ । नेताहरुका अनुसार केन्द्रिय समितिको बैठकबाट केपी ओलीको नेतृत्वमा बहुमतको सरकार निर्माण गर्ने प्रस्ताव पारित भएको छ ।

शुक्रबारदेखि चलेको एमाले केन्द्रीय कमिटीको बैठकले प्रदेश र प्रतिनिधिसभा सदस्यको चुनावमा उम्मेदवारको मापदण्ड तय गरेको छ । सिफारिसको मिति पनि तोकिएको छ । तय भएको मापदण्ड अनुसार अघिल्लो निर्वाचनमा समानुपातिकतर्फ निर्वाचित बनेका नेताहरूलाई यसपटक दोहोऱ्याएर समानुपातिक उम्मेदवार बनाइने छैन् । 'समानुपातिक वा कुनै पनि अप्रत्यक्ष निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुने स्थानमा एकचोटी अवसर प्रयोग गरेका पार्टीका नेता, कार्यकर्ता वा समर्थकलाई आम रुपमा दोहोऱ्याउनु हुन्न । यस्ता क्षेत्रमा पालैपालो वितरण प्रणाली लागु गर्नुपर्छ ।' एमालेको निर्णयमा भनिएको छ । एमालेले पार्टीको नीति र कार्यक्रमप्रतिको प्रतिवद्धता, लोकप्रियता र विजयको सुनिश्चितता, पार्टीप्रतिको निष्ठा र आन्दोलनमा योगदान, सन्तुलन र समावेशिता र निर्वाचन कानुन बमोजिमको योग्यतालाई ख्याल गरेर २२ भदौभित्र उम्मेदवार सिफारिस गरिसक्न पार्टीका तल्ला कमिटीहरुलाई निर्देशन दिएको छ ।

यसैगरी, प्रत्यक्षमा एमालेले जित्ने सम्भावना बढी र संसदीय भूमिका प्रभावकारी भएकालाई उम्मेदवार बनाउने निर्णय गरेको छ । तर, पछिल्लो पटक भएका कुनै पनि तहको निर्वाचनमा पराजित उम्मेदवारलाई प्रदेश वा प्रतिनिधिसभाको प्रत्यक्ष वा समानुपातिकतर्फ उम्मेदवार नबनाइने नीति छ ।

नेताहरुका अनुसार 'जनधार भएका र निर्वाचन प्रयोजनलाई समेत ध्यानमा राखी अन्य पार्टीबाट प्रवेश गराइएकाहरुको हकमा विशेष निर्णय लिइनेछ ।' यस्तै, एमालेले स्थानीय वा कुनै पनि तह (राष्ट्रियसभा) का जनप्रितिनिधिलाई राजीनामा गराएर प्रदेश वा प्रतिनिधिसभाको उम्मेदवार बनाउने छैन् ।

उम्मेदवार सिफारिसमा परेपछि उम्मेदवारकै जस्तो व्यवहार हुँदा विगतमा समस्या आएको भन्दै एमालेले यसपटक भनेको छ, 'निर्णय नभएसम्म सिफारिसमा परेका कुनै पनि व्यक्तिले आफ्नो उम्मेदवारी पक्का भए जस्तो व्यवहार गर्न मिल्दैन ।'

# अनधिकृत संरचना हटाउने अभियान निरन्तर

अनधिकृत संरचना हटाउने अभियानलाई काठमाडौं महानगरपालिकाले निरन्तरता दिने भएको छ । सुरुमा ३५ दिने सूचना निकाल्ने त्यस अवधिमा नक्सा पास बेगरको संरचना नहटाए भत्काइदिने र सम्बन्धित व्यक्तिबाटै भत्यकाउँदा लागेको खर्च असुल्ने महागरको नीति छ ।



" सबैले आफैं बुझेर अनधिकृत रूपमा बनाइएका संरचना आफैं हटाइदिनुहोला । नक्शा जसरी पास भएको छ, त्यही अनुसार निर्माण र प्रयोग गरिदिनुहोला । महानगरले डोजर लगाएर भत्काउन नपरोस् ।

■ **बालेन साह**
मेयर, काठमाडौं महानगर

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ भदौ ।

भदौ १० गते काठमाडौं महानगरपालिकाले अनधिकृत संरचना हटाउन निर्देशन दिएपछि त्रिपुरेश्वरस्थित राहदानी विभागले अन्डरग्राउन्डमा रहेको होल्डिङ क्षेत्रमा पार्किङ खुला गर्ने भएको छ । मेयर बालेन्द्र साह (बालेन) नेतृत्वको टोली डोजर सहित पुगेपछि विभागले सडकमा पार्किङ नगर्न सार्वजनिक सूचना नै जारी गरेको छ । राहदानी विभागको यस्तो निर्णयको महानगरपालिकाले स्वागत गऱ्यो ।

काठमाडौं महानगरपालिकाले अवैधरुपमा निर्माण भएका र सार्वजनिक जग्गा मिचेर निर्माण गरिएका सम्पूर्ण संरचना भत्काउने काम निरन्तर रहने बताएको छ । बानेश्वर क्षेत्रबाट नक्शा पास नगरी निर्माण भएका र नक्सा पासअनुरुप निर्माण नगरिएका दुवै संरचना हटाउन सुरु गरेको महानगरको अभियान शनिवार बनस्थली ढुंगेधारा क्षेत्रमा पुगेको छ । शनिबार वनस्थली चोकबाट ढुंगेधारा जानेतर्फ रहेको अनधिकृत घर टहरा महानगरले भत्काइदिएको छ ।

काठमाडौं महानगरपालिकाले गत साउन २ गते नक्शामा नभएका र अनधिकृत निर्माण भएका संरचना हटाउन ३५ दिने सार्वजनिक सूचना जारी गरेको थियो । तोकिएको समयभित्र घरधनी, व्यवसायी सम्पर्कमा नआएपछि महानगरले भदौ ५ गतेदेखि सडक मिचेर र नक्शा विपरीत निर्माण गरिएका संरचना भत्काउन थालेको हो ।

महानगरप्रमुख बालेन साह कै अगुवाईमा यसअघि महानगरले अहिलेसम्म सुन्धारास्थित काठमाडौं मल, न्यूरोडस्थित आरबी कम्प्लेक्स, नयाँबानेश्वर स्थित अल्फाबिटा कम्प्लेक्समा नक्शा विपरीत बनाइएका संरचना भत्काएको छ । महानगरका प्रवक्ता नवीन मानन्धरका अनुसार नक्शामा बेसमेन्ट, सेमीबेसमेन्ट, गोदामको अनुमति लिए पनि अन्य प्रयोजनमा लगाइएकालाई पनि हटाउन निर्देशन दिइसकिएको छ । बेसमेन्ट/अन्डरग्राउन्ड पार्किङ बनाइएको भवनलाई महानगरले ९० प्रतिशत कर छूट दिंदै आएको छ । तर, सुविधा लिएर त्यसलाई अन्य प्रयोजनमा लगाइएकाले कारबाही प्रक्रिया अघि बढाइएको महानगर प्रहरी प्रमुख राजु पाण्डेले बताए । उनका अनुसार सार्वजनिक जग्गामा रहेको, स्वीकृत नलिई बनाइएको घर टहरा भत्काउने अभियान निरन्तर चल्नेछ ।

काठमाडौं उपत्यकाभित्रका नगरपालिकामा गरिने निर्माण सम्बन्धी

– बाँकी पृष्ठ २ मा

# नागरिकता विधेयक

# देउवा–तिमिल्सिना टकराव

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ११ भदौ ।





नागरिकता विधेयकलाई अगाडि बढाउने प्रक्रियाको विषयलाई लिएर प्रधानमन्त्री शेरबहादुर देउवा र राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सना आमुन्नेसामुन्ने भएका छन् । तिमिल्सिना दफावार छलफलका लागि विषयगत समितिमा पठाउने जोडबल गरिरहेका छन् भने देउवा आफुले भने भन्दा बेगार गए बहुमतको बलमा हटाइदिने चेतावनी दिइरहेका छन् ।

राष्ट्रिय सभाको बैठक आज (आइतबार) बस्दैछ । आज राष्ट्रिय सभामा राष्ट्रपतिबाट १५ बुदे संदेशसहित नागरिकता विधेय फिर्ता भएको जानकारी गराउने कार्यसूची छ । कार्यसूची अनुसार राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाँलले 'राष्ट्रपतिबाट पुनर्बिचारका लागि फिर्ता भएको 'नेपाल नागरिकता (पहिलो संशोधन विधेयक २०७९ का सम्बन्धमा प्रतिनिधिसधभाबाट प्राप्त सन्देशको जानकारी' गराउनेछन् ।

२ भदौमा प्रतिनिधिसभाले सदनमा एक दिन मात्रै छलफल गरेर राष्ट्रपतिबाट फिर्ता भएको विधेयक हुबहु पारित गरेको थियो । प्रतिनिधिसभामा जस्तै राष्ट्रिय सभाबाट पनि नागरिकता विधेयक हुबहु पारित गर्ने सरकार र सत्तारुढ गठबन्धनको तयारी छ । तर, नागरिकता विधेयकलाई अगाडि बढाउने प्रक्रियाको विषयलाई लिएर प्रधानमन्त्री शेरबहादुर देउवा र राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना आमुन्नेसामुन्ने भएका छन् । तिमिल्सिना दफावार छलफलका लागि विषयगत समितिमा पठाउने जोडबल गरिरहेका छन् भने देउवा आफुले भने भन्दा बेगर गए बहुमतको बलमा हटाइदिने चेतावनी दिइरहेका छन् ।

नेताहरुका अनुसार प्रधानमन्त्री शेरबहादुर देउवा र राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाबीच पटक-पटक कुराकानी भएको छ । प्रधानमन्त्री शेरबहादुर देउवा र गठबन्धनमा रहेका अन्य दलका नेताहरुबीच पनि पटक-पटक कुराकानी भएको छ । राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सनाले पनि एमाले सहित प्रमुख दलका नेताहरुसँग पटक-पटक कुराकानी गरेका छन् । तर, प्रक्रियाका विषयमा यसै गरी जाने भन्ने ठोस रुपमा तय भएको छैन् ।

'गठबन्धनका तर्फबाट, सरकारका तर्फबाट राष्ट्रिय सभाका अध्यक्षलाई भनिएकै थियो, भनिरहेकै छौं । तर, उहाँले नमान्ने छनक पाएपछि प्रधानमन्त्रीले नै कुरा गर्नुभएको छ' नेपाली कांग्रेसका एक नेता भन्छन्, 'कुराकानीका क्रममा प्रधानमन्त्री देउवाले सदनमै छलफल गेर पारित गर्ने भन्नुभएको छ । तर, राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले दफावार छलफलका लागि विषयगत समितिमा पठाउने भन्नुभएको छ । कुरा मिलेको छैन् ।' नेताहरुका अनुसार 'सरकार र संसदमा रहेका बहुमत सदस्यहरुले भने अनुसार विधेयक अगाडि बढाउन तयार नभए अध्यक्षबाट हटाउने प्रस्तावको फेस गर्ने तयारी गर्न राष्ट्रिय सभाका अध्यक्ष तिमिल्सिनालाई प्रधानमन्त्री देउवाले भनेका छन् ।

राष्ट्रिय सभामा सत्तारुढ गठबन्धनको दुई तिहाई बहुमत छ । विगतमा बामदेव गौतम नहुँदा ५९ सदस्यीय राष्ट्रिय सभामा सत्ता सत्ता गठबन्धनको दुई तिहाई पुगेको थिएन । गौतमले माओवादी केन्द्रको चुनाव चिन्हबाट आगामी प्रतिनिधिसभाको चुनाव लड्ने घोषणा गरेपछि उनलाई पनि गठबन्धनभित्रै मान्दा राष्ट्रिय सभामा सत्ता गठबन्धनको दुई तिहाइ पुगेको देखिन्छ । नागरिकता विधेयक पारित गर्नका लागि बहुमत भए पुग्छ । दुई तिहाई हुँदा विधेयक अगाडि बढाउन राष्ट्रिय सभाका अध्यक्षलाई समेत दबाब पर्छ । दुई तिहाई बहुमतले राष्ट्रिय सभाका अध्यक्षलाई नै हटाउन सक्ने संवैधानिक अधिकार राख्दछ ।

राष्ट्रिय सभाका अध्यक्ष तयार भएको खण्डमा

– बाँकी पृष्ठ २ मा

# पाँच वर्ष काम गरेको व्यवसायी अध्यक्षको उम्मेदवार : न्यौपाने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ भदौ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तदर्थ कार्यसमिति सदस्य एवं नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशासिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपानेले इजाजतपत्र प्राप्त गरी लगातार पाँच वर्ष काम गरेको व्यवसायीलाई संघको अध्यक्ष बन्ने योग्यता तोक्नु उपयुक्त हुने बताएका छन् ।

संघका निवर्तमान महासचिव सुजितकुमार श्रेष्ठले संघको विधान संशोधनका विषयमा राय सुझाव लिइरहेका छन् । मध्यान्ह दैनिकसँगको अन्तर्वार्तामा व्यवसायी न्यौपानेले विधानका धेरै दफाहरू एकआपसमा बाझिएकाले गन्जागोलको अवस्था रहेको भन्दै अध्यक्षको उम्मेदवार बन्ने मापदण्ड पनि समय सापेक्ष नरहेको धेरैतिरबाट सुझाव आएपछि विधान संशोधन गरी नयाँ व्यवस्था गर्न लागिएको बताए । संघको हालको विधानमा पदाधिकारी भएको व्यवसायी मात्र अध्यक्षको उम्मेदवार हुने व्यवस्था छ । त्यसलाई योग्य व्यवसायीलाई नेतृत्वबाट रोक्ने अप्रजातान्त्रिक शैली भनी धेरैले आलोचना गरेका छन् । अन्तर्वार्तामा व्यवसायी न्यौपानेले आगामी पुस एक गतेभित्र संघको साधारणसभा र नयाँ कार्यसमितिको निर्वाचन हुनेसमेत बताए ।

अन्तर्वार्ताको पूर्णपाठ पृष्ठ ४ मा...

वैदेशिक रोजगार विशेष

## निर्वाचनका लागि एकीकृत संगठनको वार्ता समिति

काठमाडौं/मस- एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन दशैं र तिहारको बीचमा गर्नु उपयुक्त हुने बताएको छ ।

संगठनको शुक्रबार बसेको कार्यसमिति बैठकले संघको निर्वाचन अपरिहार्य भएको निष्कर्ष निकाल्दै निर्वाचन गर्ने वातावरण बनाउन संघ तथा राजनीतिक दल निकट संस्थाहरूसँग वार्ता गर्न उपाध्यक्ष बाबुराम खड्काको संयोजकत्वमा ५ सदस्यीय वार्ता समिति गठन गरेको छ ।

समितिका सदस्यहरुमा सल्लाहकार कमल सापकोटा, सचिव अनिल बोगटी, सहसचिव नवराज लुइटेल र कार्यसमिति सदस्य कामेस्वर शाह (राहुल) छन् । संयोजक खड्काले आइतबारदेखि नै प्रमुख घटक संस्थाहरूसँग सम्पर्क र छलफल शुरू गर्ने जानकारी दिए ।

## गैरआवसीय नेपालीलाई ढकालको आग्रह

काठमाडौं/रासस- नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले गैरआवासीय नेपालीहरूलाई उनीहरूले विदेशी भूमिमा आर्जन गरेको ज्ञान, सीप र पूँजी नेपाल भित्र्याउन आग्रह गरेका छन् । गैरआवासीय नेपाली संघ, एनआरएनएको बैंककमा शनिबार आयोजित एसिया प्यासिफिक क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्दै उनले सो आग्रह गरेको ढकालको सचिवालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । 'नेपालको

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१२ भदौ २०७९, आइतबार
28 August 2022, Sunday

# घट्दो कोरोना, बढ्दो डेंगु

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ भदौ

गत साता कोभिड-१९ संक्रमण क्रमशः घट्दो क्रममा रहेको तथ्याङ्कले देखाएको छ। यो महिनामा सबैभन्दा बढी सङ्क्रमण भदौ १ गते देखिएको थियो। त्यसदिन आठ सय ५२ सङ्क्रमित भेटिएका थिए। त्यसपछिका दिनमा क्रमशः घट्दै गएकामा भदौ ६ गते एक्कासी बढेर छ सय ५८ सङ्क्रमित फेला परेका थिए। भदौ ७ गतेपछि भने सङ्क्रमण पुनः घट्दो क्रममा रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा सार्वजनिक विवरणमा उल्लेख छ। प्राप्त विवरणअनुसार भदौ ७ गते छ सय ३४, ८ गते चार सय ८७, ९ गते चार सय ४४ र १० गते तीन सय २४ मा सङ्क्रमण देखिएकामा शनिबार सङ्क्रमण घटेर एक सय ७३ मा झरेको छ।



पछिलो २४ घण्टामा निको भएर घर गएका बिरामीको संख्या तीन सय ९६ रहेको छ। मन्त्रालयका अनुसार शनिबार ४७ हजार एक सय ५२ ले खोप लगाएका छन्। शनिबार कोरोना सङ्क्रमितको मृत्यु नभएको मन्त्रालयले जनाएको छ। सक्रिय सङ्क्रमितको संख्या तीन हजार छ सय १२ रहेको छ।

निको हुने दर ९८ दशमलव चार प्रतिशत रहेको छ। हालसम्म ११ हजार नौ सय ९९ को मृत्यु भएको छ। अहिलेसम्म पिसिआर परीक्षणमा नौ लाख ९६ हजार छ सय ७० र एन्टीजेन परीक्षणमा एक लाख ५० हजार तीन सय ३२ मा सङ्क्रमण पुष्टि भएको छ।

काठमाडौं उपत्यकामा डेंगु संक्रमितको संख्या बढ्दै गएको पाइएको छ। हाल काठमाडौंमा २९३ र ललितपुरमा ७२६ संक्रमित छन्।

भक्तपुरमा पनि २० जनाभन्दा बढीमा डेंगु पुष्टि भएको भक्तपुरका स्वास्थ्य कार्यालयले जनाएको छ। यस वर्ष असार ९ गते ललितपुर महानगरपालिका वडा नम्बर ५ देखि डेंगु आउटब्रेक भएकोमा दुई महिनामा नै यो संख्या एक हजार नाघेको हो।

शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालमा डेंगुका २३ जना बिरामी उपचाररत रहेको अस्पतालले जनाएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको पछिल्लो तथ्यांक अनुसार देशभर यो वर्षमात्रै डेंगु संक्रमितको संख्या एक हजार १२६ पुगेको छ।

# कतारमा तीज विशेष सांस्कृतिक कार्यक्रम सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ११ भदौ

नेपाली महिलाहरूको महान चाड हरितालिका तीजको अवसरमा कतारमा बृहत् सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ। एनआरएनए कतारको समन्वय तथा कतारमा स्थापित विभिन्न ९० वटा संघसंस्थाको संयुक्त आयोजनामा 'तीज विशेष कार्यक्रम २०२२' सम्पन्न भएको हो।

एनआरएनए कतारका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको सभापतित्व तथा नेपाली राजदूतावास कतारका राजदूत महामहिम डा. नरेश ढकालको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा एनआरएनए आइसिसीका विभिन्न तहका पदाधिकारीहरू, आयोजक संस्थाहरूका अध्यक्ष तथा प्रतिनिधिसहित विभिन्न संघसंस्थाका प्रतिनिधिको विशिष्ट आतिथ्यता रहेको थियो।

नेपाली बाहेक अन्य आप्रवासी कम्युनिटीबाट पनि विशेष आतिथ्यता रहेको कार्यक्रममा दर्जन भन्दा बढी वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए। शुभकामना मन्तव्यका क्रममा प्रमुख अतिथि राजदूत ढकालले नारीहरूलाई लक्ष्मीका रूपमा पुज्दै रमाउने अवसर दिनु पर्ने बताए। उनले यो पर्व नारीको पर्व भएको हुँदा पुरुषले उनीहरूलाई सम्मान पूर्वक स्थान दिनुपर्नेमा उल्टै तीजको कार्यक्रममा पुरुषका भाषण धेरै भएको बताए। तीज महिलाको पर्व भएको हुनाले उनीहरू नै हर्ताकर्ता हुनुपर्ने ढकालको भनाइ थियो।




कार्यक्रममा कतारमा रहेका थुप्रै कलाकारहरूले आफ्नो सांगितिक प्रस्तुति दिए। नेपालबाट आमन्त्रित लोक तथा दोहोरी गायिका शर्मिला बिसीले कास्की पोखरा, मेरो माया बसेका गाँउमा लगायत आधा दर्जन गीत प्रस्तुत गरेकी थिइन्। कुशल नृत्याङ्गना रुबिना अधिकारीले आफूले अभिनय गरेको सोचेभैँ जिन्नकी रैनच भन्ने गीतमा आकर्षक नृत्य प्रस्तुत गरेकी थिइन। अधिकारीले चरी जेलैमा गीतमा नृत्य प्रस्तुत गरीरहँदा हुटिङले हल गुन्जिएको थियो।

नेपालबाट आमन्त्रित कलाकार मध्य सुनिता बुढा क्षेत्रीले अहिलेको चर्चित तीज गीत झमझम झम्कनामा उपस्थित सबैलाई नचाइन। उनले गाउँदा कार्यक्रमका प्रमुख अतिथिसमेत उठेर छमछमी नाचेका थिए। सुनिताले आफ्ना आधा दर्जन भन्दा बढी हिट गीतहरू पेस गरे पनि झम झम झमकाना २ पटक एकल र एक पटक डोयट गरी ३ पटक सम्म प्रस्तुत गरेकी थिइन्। उनले गाउँदा दर्शकले ताली बजाएर साथ दिएको थिए।

कार्यक्रम संयोजक तथा एनआरएनए एनसीसी कतारका प्रथम उपाध्यक्ष जैबी चाम्लिङ राईले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई महासचिव पदम गिरीले सहजीकरण गरेका थिए। राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कतार शाखाका कलाकारहरूले स्वागत गीतद्वारा उपस्थितलाई स्वागत गरेका थिए। करिब ६ सय जना सहभागी रहको कार्यक्रमको समापन गर्दै सभापति मुक्तदाले महिलाहरूको पावन पर्वलाई एकमुष्ट मनाउनका लागी एकजुट हुने आयोजक संस्था सहित सबैलाई धन्यवाद ज्ञापन गरेका थिए।


# ससुरा र देवरबाटै यौन दुर्व्यवहार भएको भन्दै उजुरी

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, ११ भदौ

शारिरीक यातनालगायत यौन उत्पीडनविरुद्ध सिरहाकी एक महिलाले प्रहरीमा उजुरी दिएकी छन्। ईलाका प्रहरी कार्यालय लहान पुगेर माया (नाम परिवर्तन)ले आफ्नै ससुरा र देवरविरुद्ध उजुरी दिएकी हुन्।

ईलाका प्रहरी कार्यालय लहानका डिएसपी कुमार मैनालीले शारिरीक यातना तथा यौन उत्पीडनविरुद्ध उजुरी आएको मध्यान्हलाई जानकारी दिए।

विवाह भएको केही दिनमै शारिरीक यातना मात्र नभई ससुरा र देवरले अनैतिक क्रियाकलाप गर्न दबाब दिन थालेको उनले उजुरीमा उल्लेख गरेकी छन्।



ससुराको सेवा गर्न सासुको दबाबमा एउटा कोठा थुनिदिएको र सासुले बाहिरबाट ढोका लगाइदिएको बताउँदै उनले देवरले विभिन्न वाहना बनाएर आफूलाई अश्लिल क्रियाकलापमा फसाएको बताइन्।

उनी भन्छिन्, 'पटक पटक अश्लिल क्रियाकलाप गरी शारिरीक यातना समेत दिए। मेरा पति उनीहरुकै पक्षमा रहँदा माइतीमा सम्पर्क गर्न खोजें, तर सम्पर्क गर्न समेत दिएनन्।'

आफूलाई हप्तौंसम्म घरमा थुनेर राखेको उनको आरोप छ। जसतसो माइतीमा सम्पर्क गरेको बताउँदै उनले त्यसपछि थप यातना दिन थालेको र कुटपिट गर्दा आफ्नो करङको हड्डी भाँचिएको समेत बताइन्।

फलामे रडले कुटपिट गर्दा दूई हप्ता अस्पतालमै भर्ना भएर उपचार गराएको उनी बताउँछिन्।

उनी भन्छिन्, 'एक महिनापछि आज लहान प्रहरीमा उजुरी हालें। उचित न्यायको लागि प्रहरीसँग अपेक्षा गरेको छु।' भारत लौकहाको डुवरवौना माइती रहेकी उनको लहान १९ छर्रापट्टीका समरुलसँग २०२१ जनवरी २२ मा विवाह भएको थियो।

देवर नइम र ससुरा फुलचन हुन्। डिएसपी मैनालीले यसबारे अनुसन्धान गरेपछि कारबाही प्रक्रिया अगाडि बढाउने बताए। उता, आरोपित पक्षले भने बाहिर आएजस्तो घटना नरहेको दाबी गरेको छ।

# कृष्णनगरमा अवैध संरचना हटाएर सडक निर्माण

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, ११ भदौ

कृष्णनगर नगरपालिकाको बजार क्षेत्रमाभित्र सडक विस्तार निर्माण कार्यले तिब्रता पाएको छ।

बजार क्षेत्रभित्र लामो समयदेखि सडक कालोपत्र र नाली निर्माण नहुँदा वर्षातको समयमा स्थानीयलाई आवत-जावतमा समस्या हुँदै आएको थियो। सोही कुरालाई मध्यनजर गर्दै कृष्णनगर नगरपालिकाका मेयर रजत प्रताप शाहले आफ्नो पहिलो कार्यकालमा सडक विस्तार तथा नाला निर्माणको कार्य अगाडि बढाएका थिए। नगरप्रमुखमा दोस्रो पटक निर्वाचित भएपछि शाहले अघिल्लो कार्यकालका बाँकी कामलाई निरन्तरता दिँदै सडक निर्माणको प्रक्रिया अगाडि बढाएका स्थानीय राजन गुप्ताले बताए।

कृष्णनगरको महेन्द्र पार्कदेखि भित्रि बजारको सडक कालोपत्रे तथा नाली निर्माण स्थानीय चुनाव अघि समपन्न भएको, मस्जिददेखि मूल बजारको सडक संघीय सरकारको योजना अनुसार निर्माण जारी रहेको तथा गल्लामण्डी सडक तथा नाली निर्माण कार्य नगरपालिकाको लगानीमा निर्माणाधीन अवस्थामा रहेको कृष्णनगर नगरपालिकाका इन्जिनियर प्रदीप चौधरीले जानकारी दिए।

# लागूऔषध मुद्दाका योजनाकार गुप्तालाई कारबाहीको माग

**जगत ठाडा मगर/मध्यान्ह**
नवलपरासी, ११ भदौ

पश्चिम नवलपरासीमा लागूऔषध मुद्दामा निर्दोष व्यक्तिलाई फसाएको भन्दै नेपाली कांग्रेस र जनता समाजवादी पार्टीले घटनाको सत्यतथ्य छानबिनको माग गरेको छ। नेपाली कांग्रेस र जनता समाजवादी पार्टीले शनिबार परासीमा संयुक्त रुपमा पत्रकार सम्मेलन गर्दै गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ता (दिपक) कै योजनामा सुनवलको भुमहीमा बस्दै आएका भारत मोतिहारी घर भएका कवाड व्यवसायी रामा गुप्ता र जितेन्द्र पासवानलाई फसाएको दावी गरेका छन्। कारोबारको कुरा गर्न बोलाएर अध्यक्ष गुप्ताको योजनामा प्रहरी प्रशासनको सहयोगमा निर्दोष व्यक्तिलाई फसाएको कांग्रेसका जिल्ला सदस्य राजेन्द्र सहानीले बताए। गुप्ता र पासवानलाई लागूऔषध ओसारपसार गरेको भन्दै गत असार २२ गते पक्राउ गरेको थियो। पक्राउ परेका दुवै जनालाई हिरासतमा राखेर मुद्दा चलाइएको छ।

'गाउँपालिका अध्यक्षसँग १३ करोडको कारोबार गरेका थियौं, कारोबारको २० प्रतिशत नाफा हामीले पाउने सहमति थियो', पीडितका आफन्तले भने, 'हामीले पाउनुपर्ने एक करोड ३० लाख रकम नदिन अध्यक्षले धेरै समय आलटाल गरेका थिए, त्यो दिन पिपरहियामा बोलाए, पैसा दिने होला भनेर गएकोमा फसाउन रहेछ।' एक करोड ३० लाख पचाउन अध्यक्ष गुप्ताको विशेष योजनामा उनको सहयोगी र प्रहरी प्रशासन मिलेर फसाएको गुप्ता र साहको परिवारले बताएका छन्। निर्दोषलाई फसाएको भन्दै नवलरासीबाट प्रतिनिधित्व गर्ने लुम्बिनी प्रदेश सभा सदस्य बैजनाथ जयसवालले माथिल्लो प्रहरी निकायमा जानकारी गराएपछि प्रहरी प्रधान कार्यालय र प्रदेश प्रहरी कार्यालयले अनुसन्धान टोली खटाएको थियो। घटनाको अनुसन्धानपछि प्रहरी टोलीले समेत निर्दोष व्यक्ति थुनामा परेको उल्लेख गरेको प्रहरी स्रोतले बताएको छ।

पक्राउ परेका दुवै युवक डेढ महिनादेखि प्रहरी हिरासतमा छन्। प्रहरीले गाउँपालिका अध्यक्ष गुप्ताका सहयोगी धोबीलाई पनि पक्राउ गरेको छ।

मुख्य योजनाकारको आरोप लागेका बैजुप्रसाद गुप्ता(दिपक) माओबादी केन्द्रबाट पाल्हिनन्दन गाउँपालिकाका निर्वाचित अध्यक्ष हुन्। घटनाको वास्तविकता बुझ्न पटक-पटक सम्पर्क गर्न खोजेपनि सम्पर्क हुन सकेन।

## अनधिकृत...

मापदण्ड, २०६४ मा यस क्षेत्रका तारे होटेल, सिनेमा घर, सभागृह, थिएटर, सुपरमार्केट लगायतका व्यापारिक कम्प्लेक्स, नर्सिङ होम र पोलिक्लिनिक र सरकारी एवं अर्धसरकारी कार्यालयका लागि जम्मा जग्गाको २० प्रतिशत र स्कूल, क्याम्पस जस्ता शैक्षिक संस्थाका लागि जम्मा जग्गाको १५ प्रतिशत पार्किङका लागि छाड्नुपर्ने प्रावधान छ।

भदौ ९ गते अल्फाबिटा कम्प्लेक्समा अनधिकृत रूपमा निर्माण गरिएको संरचना भत्काएपछि मेयर साहले नक्शा अनुसार नै संरचना निर्माण गर्न आग्रह गरेका थिए। 'अब उपरान्त यस्तो गर्न नपरोस्, सबैले आफैं बुझेर अनधिकृत रूपमा बनाइएका संरचना आफैं हटाइदिनुहोला' उनले भनेका छन्, 'नक्शा जसरी पास भएको छ, त्यही अनुसार निर्माण र प्रयोग गरिदिनुहोला।'

## नागरिकता...

प्रतिनिधिसभामा जस्तै फास्ट ट्र्याकमा पारित गर्न खोजिए राष्ट्रिय सभाले एकै दिनमा पनि नागरिकता पारित गर्न सक्छ। सत्तारुढ गठबन्धनको राष्ट्रिय सभाबाट पनि फास्ट ट्र्याकमा नै नागरिता विधेयक पारित गर्ने तयारी गरेको छ। यही कुरा प्रधानमन्त्री देउवाले तिमिल्सनालाई पटक-पटक भन्दै आएका छन्। सरकार र सत्तारु दलका नेताहरुका अनुसार राष्ट्रिय सभामा सुरुमा प्रतिनिधिसभाबाट पारित भएर गएको विधेयकको संदेशबारे जानकारी गराउने, त्यसपछि गृहमन्त्री बालकृष्ण खाणलाई विधेयकमाथि छलफल (पुनर्विचार) गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न लगाउने, त्यसपछि विधेयकमाथि छलफल गर्ने र पारित गर्ने गरी प्रक्रियामा अगाडि बढाउने तयारी छ। यहींनेर राष्ट्रिय सभाका अध्यक्षले नागरिकता विधेयक रोक्ने वा ढिलो गर्ने मनसाय राखेमा भने समस्या हुन्छ। समस्या हुने भएपछि प्रधानमन्त्री देउवाले हटाउने सम्मको चेतावनी अध्यक्ष तिमिल्सिनालाई दिएका हुन्।

समयको चापले विधेयक रोकिने त्रास

प्रधानमन्त्री देउवाले राष्ट्रिय सभाका अध्यलाई भने अनुसार नागरिकता विधेयक अगाडि नबढाए हटाउने सम्मको चेतावनी दिनुको पछाडिको कारण हो- समयको चाप।

४ मंसिरमा हुने प्रदेश र प्रतिनिधिसभा निर्वाचनका लागि २३ असोजमा उम्मेदवारी दर्ताको समय तय भएको छ। यो भन्दा अगावै राष्ट्रिय सभाबाट नागरिकता विधेयक पारित गरेर प्रतिनिधिसभामा आएर राष्ट्रिय सभाले पारित गरेको संदेश प्रतिनिधिसभाले स्वीकार गरी सभामुखबाट प्रमाणित भइसक्नुपर्ने हुन्छ। अन्यथा, प्रक्रियागत रुपमै समस्या पर्न सक्छ। असोज २ गते भित्र समानुपतिकतर्फको बन्दसूची बुझाउनुपर्ने भएकाले त्यसपछि प्रतिनिधिसभाको बैठक बस्नै समस्या हुन सक्छ। यसलाई समेत ख्याल गरेर सरकारले नागरिकता विधेयक फास्ट ट्र्याकमा पारित गर्न खोजेको छ।

अर्कोतर्फ, राष्ट्रिय सभामा पनि विधेयकमा संशोधन हुन सक्छ। राष्ट्रिय सभाले संशोधनसहित पारित गरेको खण्डमा राष्ट्रिय सभामा भएको संशोधनलाई प्रतिनिधिसभाले स्वीकार गर्नुपर्छ। राष्ट्रिय सभाले संशोधन गरेको खण्डमा त्यसलाई प्रतिनिधिसभाले अस्वीकार गऱ्यो भने दुबै सदनको संयुक्त सभा बसेर टुंगो लगाउनुपर्ने कानुनी व्यवस्था छ। यसो हुँदा दुबै सदनमा रहेका ३३४ सदस्यले बहुमत र अल्पमतका आधारमा निर्णय लिन सक्छन्।

यो प्रक्रियामा गएर वा विधेयक नै पारित नगरिदिएर राष्ट्रिय सभाले नागरिकता विधेयक रोक्न सक्छ कि भन्ने आशंका गर्नेमा गृहमन्त्री बालकृष्ण खाण समेत छन्। 'मानौं भोलि राष्ट्रिय सभाले यो विधेयक पारित गरेन। यो कानुन बनेन भने के हुन्छ ?' आफ्नो प्रश्नमा गृहमन्त्रीले आफैं जवाफ दिन्छन्, '२०६३ अनुसार बिहे गरेर आएपछि वैवाहिक नागरिकता पाउने व्यवस्था निरन्तर चलिरहन्छ। नागरिकता नपाउने को त भन्दा उही जन्मका आधारमा नागरिकता लिएकाका सन्तानहरु हुन्।' खासगरी राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सना नेकपा एमालेबाट निर्वाचित सांसद भएकाले यस्तो आशंका गरेका हुन्। एमालेले नै प्रतिनिधिसभामा नागरिकता विधेयक मत विभाजन माग गरेर विपक्षमा मतदान गरेका कारणले पनि यस्तो आशंकालाई बल पुगेको छ। विधेयक पारित गर्ने अनेक प्रक्रियाहरु अझै बाँकी रहेकाले पनि कुनै प्रक्रियामा केही मात्रै ढिलो भए पनि नागरिकता विधेयक संसदमै रोकिन सक्ने त्रासमा सरकार देखिन्छ। यस बीचमा पनि राष्ट्रपति भण्डारीले आफुले भने अनुसार पुनर्बिचार नभइ प्रमाणीकरणका लागि विधेयक आएमा के कस्ता कदम चाल्न सक्छु भनेर छलफल बढाएकी छन्। राष्ट्रपतिलाई दबाब दिनुपर्ने बेला दुई तिहाई बहुमत हुँदा हुँदै पनि रोक्ने वा ढिलो गर्ने प्रयास गर्न खोजेको भनी प्रधानमन्त्री देउवाले राष्ट्रिय सभाका अध्यक्ष तिमिल्सिनालाई हटाउनेसम्मको चेतावनी दिएका हुन्।

## गैरआवसीय...

विकासका लागि संसारभर छरिएर रहेका नेपालीहरुले आफू रहेका स्थानमा आर्जन गरेका ज्ञान, सीप र पूँजी स्वदेश भित्र्याउन जरुरी छ। यसो गर्न सकियो भने हाम्रो देशमा समृद्धि छाउन धेरै समय लाग्दैन,' उनले भने।

वरिष्ठ उपाध्यक्ष ढकालले नेपाली नागरिकहरू विदेश जाने विश्वविद्यालयमा अध्ययन गर्न, कुनै विशिष्टिकृत सीप सिक्न र पूँजी आर्जन गर्नका लागि नै हो भन्दै विदेशी भूमिमा आफूले गरेको आर्जन स्वदेशको विकासमा लगाउन सके नेपालको विकास धेरै टाढा नरहेको बताए।

सो सम्मेलनमा उनले भने, 'संसारमै छरिएर रहेका हामी नेपालीहरूको तीन उद्देश्य ज्ञान, सीप र पूँजी आर्जन गर्नु नै हो। देश विकासका लागि हामीलाई आवश्यक पर्ने चिज पनि यिनै हुन्। त्यसैले हामी संसारको जुनसुकै कुनामा भए पनि हाम्रो आफ्नो मातृभूमिलाई बिर्सनु हुँदैन। आफ्नो विदेशको कमाई आफू जन्मेको माटोका लागि खर्चिनुपर्दछ।'

वरिष्ठ उपाध्यक्ष ढकालले सबै गैरआवासीय नेपालीहरूलाई नेपालमा लगानी गर्न र आफू रहेका स्थानका विदेशीहरूलाई पनि नेपालमा लगानीका लागि प्रेरित गर्न आग्रह गरे। उनले भने, 'नेपालमा लगानीको वातावरण छ। हाम्रै देशको माटो मलिलो छ। आफ्नै देशको माटोमा सुन फलाउने अनगिन्ती अवसरहरू हामीसँगै छन्। प्रकृतिले पनि हामीलाई संसारकै धनी बनाइदिएको छ। त्यसैले हाम्रै देशमा लगानी गरौँ। अहिले जहाँ जेसुकै काममा रहेको भए पनि भोलिको सन्ततिका लागि हामीले हाम्रै घर बनाउनुपर्छ।'

श्रीलंकामा शुरु भएको आर्थिक संकटका समयमा पनि संसारबाटै नेपालीहरूले चिन्ता व्यक्त गरेको आफूले महसुस गरेको स्मरण गर्दै ढकालले सबै नेपालीको चिन्ता आफ्नै मातृभूमिका लागि हो भन्ने कुरा स्पष्ट भएको बताए। अहिले हामीले आर्जन गरेको पूँजी स्वदेशका लागि र हाम्रै सन्ततिका लागि नेपालमै लगानी गर्नुपर्ने उनको आग्रह थियो। उनले भने, 'सबै मिलेर नेपालमा लगानी भित्र्याउँ र हाम्रो आफ्नै मातृभूमिलाई समृद्ध बनाउँ।'


## Invitation for Online Bids

**Madhyabindu Municipality**
**Office of Municipal Executive**
Madhyabindu-7, Chormara, Nawalparasi(East of Bardghat Susta)
Gandaki Province, Nepal

**First Date of publication: 2022-08-28 (2079-05-12)**

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT & PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 1/MBMW/ Works/2079/80 | Construction Of Canteen Building at Municipal Office Of Madhyabindu Municipality | NCB- WORKS | 4177904.754 | 3000/- | 100000 | 90 days/120 days after bid opening | 2022-09-27 (2079-06-11) 12.00 | 2022-09-27 (2079-06-11) 2.00 |

Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Chief Administrative Officer**

# आजदेखि मतदाता नामावली अद्यावधिक




**काठमाडौं/मस**-आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको तयारीका लागि आजदेखि मतदाता नामावली अद्यावधि कार्यक्रम सुरु हुँदैछ।

यसअन्तर्गत भदौ १२ गते सम्बन्धित वडा कार्यालय र निर्वाचन कार्यालयमा मतदाता नामावली प्रकाशन हुनेछन् । नामावलीमा रहेको त्रुटि सच्याउन, नामावलीमा प्रकाशित कुनै व्यक्तिको विवरणको विरोधमा उजुरी दिन एवं कुनै मतदाताको एकभन्दा बढी स्थानमा नाम समावेश भएमा एक स्थानमा नाम कायम राख्न भदौ १३ देखि १५ गतेसम्म निर्वाचन कार्यालयमा निवेदन दिन सकिने आयोगले जनाएको छ ।

मृत्यु भएका एवं नागरिकता त्याग गरेका मतदाताको नाम सूचीबाट हटाउनका लागि यही भदौ १३ देखि १६ गतेसम्म निर्वाचन कार्यालयमा निवेदन दिन सकिनेछ। यसअघिको निर्वाचनमा मृत्यु भएका तथा विदेशमा भएका व्यक्तिको नाम मतदाता सूचीमा रहेको भन्दै आयोगको आलोचना भएको थियो ।

आयोगले यसअघि नै आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचनको अघिल्लो दिन १८ वर्ष पूरा भएका मतदाताले मतदान गर्न पाउने निर्णय गरिसकेको छ। आगामी मङ्सिर ३ गतेभित्र १८ वर्ष उमेर पुगेका मतदातालाई मतदान गर्न पाउने व्यवस्था गरिएको आयोगले जनाएको छ । त्यसका लागि मतदाता सूचीमा नाम दर्ता भएको हुनुपर्नेछ । आगामी मंसिर ४ गते देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन हुँदैछ।

आयोगले गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनदेखि निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पुगेर मतदाता सूचीमा नाम भएका मतदातालाई मतदानमा सहभागी हुन पाउने व्यवस्था गरेको थियो। त्यसअघिका निर्वाचनमा निर्वाचन मिति घोषणा भएको दिनसम्म १८ वर्ष पूरा भएका नागरिकलाई मात्र मतदानको व्यवस्था गरिँदै आइएको थियो । निर्वाचनको मिति घोषणा भएको दिनदेखि मतदानको दिनभित्र १८ वर्ष पूरा हुने व्यक्तिले मतदान गर्न नपाउने व्यवस्था थियो ।

गत वैशाख २९ गतेसम्म ८७ लाख ४१ हजार पाँच सय ३० महिला, ८९ लाख ९२ हजार १० पुरुष र एक सय ८३ अन्य गरी एक करोड ७७ लाख ३३ हजार सात सय २३ मतदाता १८ वर्ष पूरा भएका आयोगले जनाएको छ। स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएपछि आयोगले गत असार १ देखि मतदाता नामावली संकलन सुरु गरेको थियो ।

सरकारले गत साउन १९ गते निर्वाचनको मिति घोषणा गरेसँगै आयोगले साउन २० गतेदेखि मतदाता नामावली संकलनको काम स्थगित गरेको थियो । मतदाता नामावली अद्यावधिक भएपश्चात् आगामी भदौ ३१ गते अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ ।

# विद्यार्थीलाई बन्धक बनाएर कुटपिट गरेको आरोप

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, ११ भदौ

पश्चिम नवलपरासीको जनता माध्यमिक विद्यालय मनरीका शिक्षकहरुले एक विद्यार्थीलाई कार्यालय भित्र थुनेर कुटपिट गरेको पाइएको छ।

कक्षा ११ मा अध्ययनरत टेकनारायण हरिजनलाई शिक्षकहरुले आधा घण्टासम्म कक्षाकोठाको ढोका थुनेर कुटपिट गरेको आरोप लागेको छ ।

सरावल गाउँपालिका वडा नम्बर २ मा रहेको जनता माध्यमिक विद्यालयका विद्यार्थी रामेश्वर मुसहर चन्दन सहानी र टेकनारायण चमारले सोमबार बिहान एक आपसमा समान्य विवाद गरेका थिए। त्यसपछि विपक्षी चन्दन सहानी र रामेश्वर मुसहर र टेकनरायन हरिजनसँग किन विवाद भयो सोधपुछ गर्ने क्रममा विपक्षी चन्दन सहानी र रामेश्वर मुसहरले उक्त विवादलाई लिएर इन्द्रदेव गुप्ता, अमित चौधरी, र जिवन केवटसँग पुनः विद्यालयको कम्पाउण्डभित्र झगडा गर्न थालेपछि शिक्षक चक्रमणी चौधरीले टेकनारायन हरिजन र इन्द्रदेव गुप्तालाई समातेर विद्यालयको कार्यालयभित्र ढोका बन्द गरी बन्धक बनाएर राखेका थिए ।




हरिजनका अनुसार उक्त विद्यालयका स्टाफ कक्षभित्र व्यवस्थापक समितिका अध्यक्ष बिनाय शर्मा, टंक प्रसाद शर्मा लगायतका शिक्षकहरु उपस्थित थिए। सोही कार्यालयभित्र करिब ३० मिनेटसम्म आफुलाई मात्र चक्रमणी चौधरीले जातीय आधारमा गाली गरेको हरिजनले आरोप लगाएका छन्। चक्रमणी चौधरीले टेकनारायन हरिजन र इन्द्रदेव गुप्तालाईसँगै स्टाफ कक्षमा लगे तर उनलाई केही नगरी आफुलाई मात्र जातीय आधारमा चमार हो भन्दै गाली गरेर आफुलाई कुटपिट गरेको उनले बताएका छन्।


'चक्रमणी चौधरी, टेक प्रसाद शर्मा, लङका पुरी, ध्रुवनारायन चौधरी, सञ्जय शर्मा लगायतका शिक्षकहरुले स्टाफ कक्षभित्रै भित्ता र दराजमा लडाईं कुटेपछि टाउकोमा सुन्निएको छ' उनले भने, 'कहि कतै उजुर बाजुर नगर तिमीलाई कुनै राम्रो कलेजमा भर्ना गराई दिन्छौं। उजुर बाजुर गर्छौं भने ठिक हुँदैन भनेर धम्कि आएको छ।'

विवादपछि स्टाफ कक्ष भित्र इन्द्रदेव गुप्ता र टेकनारायन हरिजनलाईसँगै लगे तर आफुलाई केही नगरी टेकनरायन हरिजनलाई मात्र पालै पालो गरी पांच जना शिक्षकहरुले सामुहिक रुपमा कुटिपिट गरेपछि हरिजन अचेत अवस्थामा पुगेको र आफु र शिक्षकहरुलाई जोगाउनको लागि विद्यालयका प्रधानाध्यापक नन्दनी कुमारी पोखरेल ढकालले बासा प्रहरी चौकीको जिम्मा लगाएकी इन्द्रदेव गुप्ताले बताए ।

यता प्रधानाध्यापक नन्दनी कुमारी पोखरेल ढकालले भनिन्, 'शिक्षकहरुले कुटपिट गरेको होइन् । उनी आफैं लडेर घाइते भएपछि प्रहरी बोलाएर उपचारको लागि पठाएको हो । टेकनारायण हरिजन कक्षा ११ मा अध्ययन गर्ने दलित विद्यार्थी पनि हो । ऊ आफ्नो कक्षाको उत्कृष्ट नम्बर ल्याउने विद्यार्थी पनि हो ।'

# 'अग्नि' महाकाव्यलाई मदन र दुर्गाप्रसादलाई जगदम्बाश्री पुरस्कार






**काठमाडौं/मस**- मदन पुरस्कार गुठीले यसवर्षको मदन पुरस्कार 'अग्नि' महाकाव्यका लागि डा. नवराज लम्साललाई प्रदान गरेको छ ।

त्यस्तै जगदम्बाश्री पुरस्कार बनारसबाट प्रकाशित 'उदय'का सम्पादक दुर्गाप्रसाद श्रेष्ठलाई प्रदान गरिएको छ । गुठीका अध्यक्ष कुन्द दीक्षितका अनुसार दुवै पुरस्कारको राशी चार लाख रुपैयाँ छ ।

दुवै पुरस्कार घटस्थापनाको भोलिपल्ट प्रदान गरिनेछ ।

# सुन्दर काण्ड पाठ र भण्डारा कार्यक्रममा सहभागिताका लागि आग्रह



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, ११ भदौ

स्व.श्री श्री श्री १००८ हिरामान हरि गिरी (हरिशंकर गिरी) गुरुजीको दोस्रो पुण्य तिथिमा सुन्दर काण्डपाठ र भण्डाराको आयोजना गरिने भएको छ। बाँकेको नेपालगन्जस्थित हनुमानगढीका गुरुजीको भदौ २८ गते शनिबारका दिन पुण्य तिथि परेकाले सुन्दर काण्ड पाठ र भण्डारा कार्यक्रमको आयोजना गरिएको समितिका अध्यक्ष सुदीप भट्टराईले जानकारी दिए ।

उनका अनुसार शनिबार बिहान ८:३० बजेदेखि ११ बजेसम्म सुन्दर काण्ड पाठ गरिने, गुरुजीको समाधीमा आरती पूजन र सोही दिन श्री हनुमत अतिथि सेवा समिति (हनुमान गढी, गौशाला) नेपालगन्ज-२ हनुमानगढी गौशालामा ११.३० बजेदेखि भण्डाराको कार्यक्रम शुरु हुनेछ ।

भण्डारामा सम्पूर्ण श्रद्धालु भक्तजनहरुलाई प्रसाद ग्रहणका लागि समितिका अध्यक्ष भट्टराईले आग्रह गरेका छन् ।

## मोहन्याल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**खिमडी, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७९/०५/१२)**

यस मोहन्याल गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० का लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) र मोहन्याल गाउँपालिका को आर्थिक ऐन २०७९ को व्यवस्था बमोजिम यस गाउँपालिका क्षेत्रभित्र भएर बग्ने IEE गरेका तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी मोहन्याल गाउँपालिकाले तोकेको दरमा कर संकलन गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले E-Bidding मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना तथा शर्तहरुको विस्तृत जानकारी www.bolpatra.gov.np/egp मा हेर्न तथा डाउनलोड गर्न सकिनेछ।

नदीजन्य पदार्थको बिक्रि कर संकलन ठेक्का अवधी ठेक्का सम्झौता गरेको मितिदेखि २०८० जेष्ठ मसान्त सम्मका लागि हुनेछ।

**तपशिल:**

| सि. नं. | ठेक्का नं. | नदी/खोलाको विवरण | कुल घन मिटर | न्यूनतम ठेक्का रकम रु. (अंकमा) (कर बाहेक) | बैंक जमानत | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | MRM/NCB/G/1/2079 /080 | पथरैया (सेतो) खोला | ५१७५० | ४८२३६१७५० | १३६००० | ३००० |
| २ | MRM/NCB/G/2/2079 /080 | गोडो खोला | ७५००० | ६९९०७५०।०० | १९६००० | ३००० |
| ३ | MRM/NCB/G/3/2079 /080 | खण्डे खोला | ५६००० | ५२१९७६०।०० | १४७००० | ३००० |
| ४ | MRM/NCB/G/4/2079 /080 | सुनपाल खोला | ४७५०० | ४३३४२६५।०० | १२२००० | ३००० |
| ५ | MRM/NCB/G/5/2079 /080 | गोराङ्गे १ नं. खोला | २७९०० | २६००५५९।०० | ७३००० | ३००० |
| ६ | MRM/NCB/G/6/2079 /080 | चरेला खोला | ४५००० | ४१९४४५०।०० | ११८००० | ३००० |
| ७ | MRM/NCB/G/7/2079 /080 | भैसिमारहाल्ने खोला | २२५०० | २०९७२२५।०० | ५९००० | ३००० |
| ८ | MRM/NCB/G/8/2079 /080 | बालुवागडा खोला | ३६००० | ३३५५५६०।०० | ९४००० | ३००० |
| ९ | MRM/NCB/G/9/2079 /080 | सिमली खोला | ३०००० | २७९६३००।०० | ७९००० | ३००० |
| १० | MRM/NCB/G/10/2079 /080 | ढाडे खोला | ४२८४० | ३९९३११६।४० | ११२००० | ३००० |

| | |
|---|---|
| बोलपत्र खरिद गर्ने अन्तिम मितिः | २०७९/०६/११, कार्यालय समय भित्र। |
| बोलपत्र पेश गर्ने अन्तिम मितिः | २०७९/०६/१२, १२ : ०० बजे |
| बोलपत्र खोल्ने मिति, समय र स्थानः | २०७९/०६/१२, १४ : ०० बजे<br>मोहन्याल गाउँपालिकाको कार्यालय, खिमडी, कैलाली। |
| आन्तरिक राजश्व खाता नं. | बैंकको नाम : सिटिजन्स बैंक ईन्टरनेसनल लि.<br>खातावालाको नामः मोहन्याल गाउँपालिका, आन्तरिक राजश्व खाता<br>खाता नं. : ०७७०१०००००२७२०१ |
| धरौटी खाता नं. | बैंकको नाम : सिटिजन्स बैंक ईन्टरनेसनल लि.<br>खातावालाको नाम : मोहन्याल गाउँपालिका धरौटी खाता<br>खाता नं. : ०७७०१०००००२४२०१ |

**प्रमुख प्रशासकीय अधिकृत**

## Office of Dipayal Silgadhi Municipal Executive
Silgadhi, Doti

### Invitation for Bids for the Chaukhan Secondary School Building Construction

**Contract Identification No: NCB/DSNP/02/079/080**
**Date of publication: 12th Bhadra 2079 (28th August 2022), 10:00 am**

1. Office of Dipayal Silgadhi Municipal Executive invites electronic bids for Nepalese eligible bidders for the construction of Chaukhan Secondary School Building under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 6041109.13 (Inclusive of PS items and Exclusive of VAT & Contingencies).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dipayal Silgadhi Municipality, Silgadhi, Doti, Email: **info@dipayalsilgadhimun.gov.np,** Contact No: 094-411095 or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
3. Bidder must submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's Web Site **www. bolpatra.gov.np./egp.** Bidders, submitting their bid electronically, should submit Firm Registration Certificate, Business Registration Certificate (License), VAT and PAN Registration certificate, Tax Clearance certificatevalid for FY 079/080 and should deposit Nrs. 3000 for bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Rastriya Banijya Bank, Silgadhi, Doti
   **Name of Office:** Office of Dipayal Silgadhi Municipal Executive
   **Office Account no.: 4100100301010004**
4. Pre-bid meeting shall be held at Office of Dipayal Silgadhi Municipal Executive Office, Silgadhi, Doti, SudoorPachism Province Nepal at 16th September 2022, 2:00 PM.
5. Electronic bids must be submitted to the office DipayalSilgadhi Municipality Office Silgadhi, Doti through PPMO website **www.bolpatra.gov.np.** on or before 27th September 2022 A.D. (11th Ashoj 2079 B.S.,), 12:00 PM. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 27th September 2022 A.D. (11th Ashoj 2079 B.S.,), at the office of Dipayal Silgadhi Municipality Office Silgadhi, Doti. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bidamounting to a minimum of **NRs.1,49,000.0/- (One lakh and Forty Nine Thousand Only),** which shall be valid for 30 days beyond the validity period of the bid. If Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in Deposit account No.: 4100100303000004 of Office of Dipayal Silgadhi Municipality, Doti at Rastriya Banijya Bank, Silgadhi and submit the receipt of the deposited amount of cash along the bid or scanned PDF copy in case of e-submission
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Office of Dipayal Silgadhi Municipal Executive , Silgadhi, Doti reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
9. In Case of Discrepancy or error in Tender notice, bid document and other document Chaukhan Secondary School Building Construction reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Dipayal Silgadhi Municipality Office, Silgadhi, Doti.

***Chief Administrator Officer***

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१२ भदौ २०७९, आइतबार
28 August 2022, Sunday

सम्पादकीय

# दलहरुमा सान्दर्भिक बहस

राजनीतिक दलहरूले उम्मेद्वार चयनको मापदण्डबारे छलफल अगाडि बढाएका छन् । प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनका लागि उम्मेद्वार चयनको मापदण्डबारे प्रमुख दलहरूले लगभग छलफल गरिसकेका छन् भने अन्य दलहरू पनि छलफलमा छन् । शनिबार मात्रै प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेकपा एमालेले केन्द्रीय कमिटी बैठक सकेको छ । लगातार सचिवालय, स्थायी कमिटी, पोलिट्ब्यूरो र केन्द्रीय कमिटीको बैठकबाट उम्मेद्वार चयनबारे मापदण्ड निर्धारण गरेको छ । निर्धारित मापदण्डअनुसार, अहिलेका समानुपातिक सांसदलाई फेरि नदोहोर्‍याउने, स्थानीय चुनावमा पराजितलाई उम्मेद्वार नबनाउने, राष्ट्रियसभाका सांसदलाई राजीनामा गराएर उम्मेद्वारमा सिफारिस नगर्ने भएको छ । सम्पूर्ण रूपमा लागू नभएपनि लगभग यो मापदण्ड आगामी चुनावमा एमालेले कार्यान्वयन गर्ने भएको छ । सँगै, महिला नेतालाई प्रत्यक्षतर्फ उम्मेद्वार धेरै उठाउन पनि नेताहरूले सुझाव दिएका छन् ।

एमालेकै जस्तो नीति सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेसले अपनाउने भएको छ । कांग्रेस समानुपातिकतर्फ एउटै व्यक्ति दुई पटक भन्दा धेरै नउठाउने भएको छ । एमालेले भने ०७० को निर्वाचनबाटै यस्तो निर्णय गरेको थियो । कांग्रेसभित्र पनि महिलालाई प्रत्यक्षतर्फ उम्मेद्वार संख्या बढाउनेबारे छलफल चलिरहेको छ । अर्का दल नेकपा माओवादी केन्द्रले वैधानिक रूपमै समानुपातिक समावेशी नीतिलाई प्राथमिकता दिने निर्णय गरिसकेको छ । सँगै, एउटै व्यक्तिले कतिपटक उम्मेद्वार बन्ने भन्नेबारे समेत पार्टीहरूभित्र छलफल भइरहेको छ । एमालेका कतिपय नेताले एक व्यक्तिले दुई पटक भन्दा धेरै उम्मेद्वार हुन नमिल्ने व्यवस्था कार्यान्वयनको माग गरेका थिए ।

चुनाव नजिकिएकाले यस्ता बहस सान्दर्भिक छ । किनकि संसदीय प्रणालीलाई बलियो बनाउने भनेको यसभित्र भएका कमजोरी हटाएर नै हो । यदि कमजोरी नहटाउने हो भने यो प्रणाली नै संकटमा पर्न सक्छ । अझ ०४८ सालदेखि लगभग एउटै अनुहार लगातार दोहोरिदै आएका छन् । कयौं नेताहरू सातौं पटक उम्मेदवार बन्ने तयारीमा छन् भने कतिपयले आठौं पटक उम्मेद्वारी दिने तयारी गरेका छन् । त्यसरी एउटा व्यक्ति जिवित रहेसम्म चुनाव लडिरहने प्रवृत्तिले नयाँ पुस्तालाई राजनीतिप्रति आकर्षण बढाउन सक्दैन । नयाँ पुस्ताको आकर्षण नहुने हो भने अहिलेकै व्यवस्था समृद्ध बन्न सक्दैन । अतः अहिले दलहरूमा चलिरहेको सान्दर्भिक बहसलाई सार्थक बनाउन अति आवश्यक छ, नेतृत्वले यसतर्फ ध्यान दिन जरूरी छ ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

आउने चुनावमा ठूला दलले जनताको 'झापड' भेट्नु भन्ने धेरैको आशा छ । तर, माथिदेखि तल गाउँ-टोलसम्म ठूला दलको 'सिन्डिकेट' शैलीको पकड छ । तथापी ठूला दलभित्र कै केही नेताहरूले मुख खोल्ने बित्तिकै यी दलप्रति जनताको आक्रोश ह्वात्तै बढ्ने रैछ ! यी नेताहरूलाई मिडियाले पर्याप्त ठाउँ दिउन् ।



**- विनोद न्यौपाने**

"व्यवस्था होइन, अवस्था बदलौं"– ए... तेस्का बाजे, लेख्या के हो ? अबस्था बदल्न – संस्था, संस्थागत पद्धति, संरचना र सन्यत्रका विषयहरूसँग जोडिन्छ । राजनीतिक, आर्थिक र सामाजिक विषयका संस्थाहरू बदल्दा व्यवस्था नै बदलिन/ पुनर्संरचना हुन पुग्छ । मलाई भोट हाल भन्या होला ।



**- प्रेम घर्ती मगर**

आफ्नै पार्टीका मान्छे घर धनी भएपछि राजनीतिक दलबाट निर्वाचित मेयरसँग आँखा चिम्लनु बाहेक अरू के विकल्प हुन्छ ? स्वतन्त्र उम्मेदवारलाई जनताले यत्तिकै भोट हालेका होइनन् । लाज, इमान नभएका, स्वार्थ केन्द्रीत राजनीति गर्ने भ्रष्टहरूलाई तह लगाउने अपेक्षाका साथ जनमतको सदुपयोग गरेका हुन् ।



**- बिमल पोखरेल**

आफू बस्ने कुर्सी र टेबुल पनि अरूलाई पुछ्न लगाउने, आफ्नै अगाडिको कित्लीमा पानी तताएर खान नसक्ने नेपाल सरकारका भूतपूर्व र वर्तमान सचिव नामका दास मालिकहरू, सामन्तका नायिकेहरूले ट्वीटरमा आएर उपदेश दिन्छन् । तिनीहरू बस्ने टेबुल कुर्सीमा आगो लगाइदिउँ भैं हुन्छ मलाई !

विगत १८ वर्षदेखि वैदेशिक रोजगार क्षेत्रमा क्रियाशील रहेका नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको पूर्व अध्यक्ष प्रज्ञान न्यौपाने हाल नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तदर्थ कार्यसमिति सदस्यको जिम्मेवारीमा छन् । शुरूमा नाप त्यसपछि द बेष्ट हुँदै हाल बाबा ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि. सञ्चालन गरिरहेका व्यवसायी न्यौपाने नेपाल उद्योग व्यवसायी महासंघको श्रम तथा रोजगार समितिका उपसंयोजकसमेत हुन । प्रस्तुत छ, संघका गतिविधि र आगामी निर्वाचन सन्दर्भमा मध्यान्ह दैनिकका संवाददाता रेशमराज पौडेलले गरेको कुराकानीको सम्पादित अंश :

# 'ढिलोमा पुस १ गतेसम्ममा संघको निर्वाचन हुनेछ'



**प्रज्ञान न्यौपाने**
**कार्य समिति सदस्य, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

**विशेष परिस्थितिका कारण नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा पूर्व अध्यक्ष बिमल ढकालको संयोजकत्वमा कार्यसमिति गठन भएको ६ महिना भयो । कार्यसमितिले के काम गरिरहेको छ ?**

हामी संघको नेतृत्वमा जाँदा वैदेशिक रोजगार व्यवसायीका अगाडि वार्षिक सय जना कामदार नपठाए इजाजतपत्र नवीकरण नहुने मुख्य समस्या थियो । त्यसका लागि असार मसान्तसम्म निरन्तर मेहनत गर्नुपर्‍यो । त्यसपछि धेरैजसो व्यवसायी बजार प्रवर्द्धनका लागि मलेसियालगायत देशमा जानु भयो, कतिपय अझैसम्म उतै हुनुहुन्छ । त्यसले पनि साधारणसभा गर्ने उचित वातावरण बन्न सकेन । यतिखेर नेपालीका मुख चाडपर्वमा मुखैमा आएका छन् । हामी कहिले साधारणसभा गर्ने भनी छलफलमा लागेका छौं ।

**३५ दिनभित्र कार्यसमितिको निर्वाचन गराएर बिदा हुनुपर्नेमा ६ महिना बितिसक्दा पनि निर्वाचनको मिति नतोक्दा कार्यसमितिमा रहेका व्यवसायीप्रति पदका लागि आशक्ति देखाएको र पदलोलुप भएको टिका टिप्पणी बढ्न थालेको छ, के भन्नुहुन्छ ?**

मैले साधारणसभा हुन नसक्नुको कारण बताएँ । ढिलोमा पुस १ गतेसम्म साधारणसभा र निर्वाचन हुनेछ । जहाँसम्म पद लोलुपताको आरोप छ, त्यो कतिपय व्यवसायीको व्यक्तिगत पूर्वाग्रह मात्र हो । लामो समयदेखि समाधान नभएको सेवाशुल्क परिमार्जनलगायतका काम टुंगोमा पुर्‍याउने हाम्रो प्रमुख लक्ष्य छ । यसबीचमा मन्त्री परिवर्तन हुनुभयो । नयाँ मन्त्रीज्यू समक्ष हामीले दक्षिण एशियाली मुलुक सरह नेपालका व्यवसायीले कामदारले विदेशमा पाउने एक महिनाको तलब बराबरको रकम सेवाशुल्क लिने र कम्पनीले जहाज टिकट नदिएको खण्डमा टिकट काटेर जान पाउनुपर्ने व्यवस्था हुनुपर्ने अडान पटक-पटक रोखेका छौं । सुन्दा फ्रि भिसा र फ्रि टिकटको निर्णय लोकप्रिय छ । तर, यसको कार्यान्वयनमा समस्या भएकोले सरकार, कामदार र व्यवसायी तीन वटै पक्षलाई कुनै फाइदा भएको छैन भनेर प्रधानमन्त्रीदेखि विपक्षी दलको नेता आईएनजीओ र एनजीओलाई पनि प्रष्ट थाहा भइसकेको छ । नेपालको वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन यस विषयमा पुनर्विचार नगरी नहुने भएकोले छिटो निकास आउने अपेक्षा छ ।

**व्यवसायी हित र नयाँ गन्तव्य खोजीका लागि वैदेशिक रोजगार व्यवसाय कोष सञ्चालन गर्ने भनेपनि त्यसमा पनि केही प्रगति गराउन सक्नुभएन नी ?**

वैदेशिक रोजगार व्यवसाय कोष सञ्चालनसम्बन्धी ९० प्रतिशत काम सकिएको छ । मन्त्रालयका सचिव विदेश भ्रमणबाट फर्के लगत्तै त्यसले अन्तिम रूप पाई कार्यान्वयनमा जानेछ । कोष सञ्चालनमा आएपछि दुर्घटना वा भवितव्य भई व्यवसायीले ज्यान गुमाए एउटा म्यानपावर कम्पनीको सञ्चालकलाई १ करोड र उक्त म्यानपावर कम्पनीमा धेरै जना सञ्चालक रहेको भए दामासायीले कम्तीमा २५ लाख भुक्तानी पाउने गरि मापदण्ड तयार भएको छ । व्यवसायीले राखेको धरौटी रकमको ब्याजको स्रोतबाट उक्त कोषको सञ्चालन हुने हो । कोष सञ्चालनका लागि विभागका महानिर्देशक संयोजक समितिमा संघका अध्यक्षसहित दुई जना व्यवसायी र तीन जना सरकारी कर्मचारी रहने व्यवस्था गरिएको छ । अन्य कर्मचारी विभागले खटाउने र कोषको कार्यालय वैदेशिक रोजगार विभागमा राख्ने सहमति भएको छ । उक्त कोष कार्यान्वयनमा आएपछि व्यवसायीको क्षमता अभिवृद्धि, कार्यालय व्यवस्थापन, लेखा प्रणालीको सुदृढीकरण, कम्पनी सञ्चालन, स्वच्छ भर्ना प्रक्रियाका लागि तालिम, श्रम गन्तव्य मुलुकका रोजगारदातासँग तालिम तथा गोष्ठी, आकर्षक र नयाँ श्रम गन्तव्यको खोजी तथा जब फेयर, उत्कृष्ट व्यवसायीको सम्मान र वैदेशिक रोजगार व्यवसायका अध्ययन अनुसन्धानलगायतका काम गर्ने काम हुनेछ ।

**कोष व्यवसायीका लागि भनिएपनि कोष सञ्चालन संरचनामा कर्मचारी हावी हुँदा त्यसले व्यवसायीको हितमा काम गर्न सक्छ र ?**

वैदशिक रोजगार नियमावलीमा म्यानपावर कम्पनीको धरौटी बापत विभागको मुद्दती खातामा जम्मा भएको एक चौथाई रकमको ब्याजबाट व्यवसायीको व्यावसायिक क्षमता अभिवृद्धि, कल्याणकारी कार्य र वैदेशिक रोजगार प्रवर्द्धनसम्बन्धी अध्ययन अनुसन्धानको कार्य गरिने उल्लेख छ । त्यो व्यवसायीकै रकमबाट बनेको कोष हो । केही कर्मचारीले सरकारी कोष ठान्ने र साँघुरो दृष्टिकोण राखेको पनि पाइन्छ । तर, कोष कार्यान्वयनमा आएपछि कोषको रकमबाट म्यानपावर कम्पनीको सेयरधनी सञ्चालकको स्वास्थ्य र दुर्घटना बीमा, प्राकृतिक विपत्ति, आगजनी, हुलदंगा, तोडफोड जस्ता प्रतिकुल अवस्थामा कम्पनीका सञ्चालकले राहत र क्षतिपूर्ति पाउने विषयमा सुनिश्चितता आउनेछ । कर्मचारी हाबी हुने छैनन् ।

**व्यवसायीले महँगो हवाई टिकट, साउदी समस्या, विभागले सञ्चालन गरेको वैदेशिक रोजगार व्यवस्थापन फेमिसमा, उजुरी पर्नासाथ विभागले कम्पनीको कारोवार बन्द गरिदिने जस्ता दैनिक झेल्नुपरेको गुनासो गरेका छन् । यी समस्याको समाधानका लागि ठोस काम गर्न सक्नु भएन भन्ने पनि गुनासो छ ?**

करोडौं लगानी गरेका व्यवसायीले बिना झन्झट काम गर्न पाउनुपर्छ । व्यवसायीले सरल र सहज तरिकाबाट काम गर्न पाए वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या बढ्ने र त्यसले रेमिट्यान्स बृद्धिमा सहयोग गर्नेछ । महँगो हवाई टिकट, साउदी समस्या, विभागले सञ्चालन गरेको वैदेशिक रोजगार व्यवस्थापन फेमिसमा, उजुरी पर्नासाथ विभागले कम्पनीको कारोबार बन्द गरिदिने जस्ता दैनिक झेल्नुपरेको समस्या छन् । नेपालले नेपाल वाहेकको अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गरेर वैदेशिक रोजगारीमा जान नदिएको कारणले रोजगारीमा जानेहरू नेपालबाटै उड्नु पर्ने बाध्यता छ ।

*वैदेशिक रोजगार व्यवसायीका अगाडि वार्षिक सय जना कामदार नपठाए इजाजतपत्र नवीकरण नहुने मुख्य समस्या थियो । त्यसका लागि असार मसान्तसम्म निरन्तर मेहनत गर्नुपर्‍यो । त्यसपछि धेरैजसो व्यवसायी बजार प्रवर्द्धनका लागि मलेसियालगायत देशमा जानु भयो, कतिपय अझैसम्म उतै हुनुहुन्छ । त्यसले पनि साधारणसभा गर्ने उचित वातावरण बन्न सकेन । यतिखेर नेपालीका मुख चाडपर्वमा मुखैमा आएका छन् । हामी कहिले साधारणसभा गर्ने भनी छलफलमा लागेका छौं । अब ढिलोमा पुस १ गतेसम्म साधारणसभा र निर्वाचन हुनेछ ।*



तर, व्यवहारमा यो बाध्यकारी व्यवस्था प्रत्युत्पादक बनेको छ । कतिपय ट्राभल्स एजेन्सीहरूले पनि कार्टेलिङ गरेर टिकटको मूल्य बडाएका छन् । ट्राभल्स ऐजेन्सी र पर्यटन मन्त्रालयका कर्मचारीको सेटिङका कारणले अन्तर्राष्ट्रिय उडानको टिकट महँगो भएको हो । बढ्दो हवाई टिकटको समस्या समाधान गर्न श्रम स्वीकृति लिएका कामदार भारतीय विमानस्थल प्रयोग गरेर जान दिनुपर्छ । यस विषयमा हामीले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको पटकपटक ध्यानाकर्षण गरेका छौं । मन्त्रालयले यसमा छिटोभन्दा छिटो निकास दिनुपर्छ । निकास नदिए नेपाली कामदार अहिलेको महँगो टिकटमा वैदेशिक रोजगारीमा जान सक्दैनन् । नेपालले मलेसिया लगायतका देशको रोजगारीको अवसर गुमाउनु पर्ने खतरा उत्पन्न भएको छ । यस बाहेक फेमिसका समस्या, उजुरी पर्नासाथ कम्पनीको कारोबार बन्द गरिदिने, पटकपटक विज्ञापन गर्नुपर्ने समस्याका विषयमा पनि हामीले डेलिगेसन नै गएर ध्यानाकर्षण गराएका छौ । समस्या समाधानका लागि पहल गर्न चुकेका छैनौं ।

**साधारणसभा र चुनाव अगाडि चुनाव अगाडि संघको विधान संसोधन गर्ने भनिएको हो । त्यो विषयमा के भइरहेको छ ?**

यस विषयमा काम गर्न शुरुवातमा कार्यसमिति सदस्य रवीन्द्र यादवले जिम्मेवारी पाउनु भएको हो । तर, उहाँको कार्यव्यस्तताका कारणले नभ्याउने भएपछि निवर्तमान महासचिव सुजित कुमार श्रेष्ठलाई त्यसको जिम्मेवारी दिइएको छ । त्यसमा उहाँले काम गरिरहनु भएको छ । विधानमा धेरै दफाहरू एक आपसमा बाझिएकाले गन्जागोलको अवस्था छ । पदाधिकारी भएको व्यवसायी मात्र अध्यक्षको उम्मेद्वार हुने हालैको व्यवस्था परिवर्तन गरेर अध्यक्षको उम्मेद्वार बन्न इजाजतपत्र प्राप्त गरि पाँच वर्ष पुरा गरेको प्रावधान राख्न सकिन्छ । त्यस विषयमा छलफल भइरहेको छ ।

**विधान संसोधन पनि तपाईंलगायतका व्यवसायीलाई संघको अध्यक्षमा चुनाव लड्न सजिलो पार्ने मात्रै उद्देश्य हो भन्ने धेरैजसोलाई परेको छ ?**

त्यो पनि पूर्वाग्रही सोँच हो । विधान संसोधन भएपनि म सिधै अध्यक्षमा उम्मेदवार बन्ने होइन । म झ्यालबाट हामफालेर नभई मुलबाटोबाट अध्यक्ष बन्ने प्रक्रिया पूरा गरेर मात्रै अध्यक्षको उम्मेदवार बन्ने छु ।

**तपाईंमाथि संघको प्रथम उपाध्यक्ष बनेर फराकिलो मतले चुनाव हारेको तर, अवसर प्राप्त हुने ठाउँमा जहाँपनि आफै अघि सर्ने, ठोस र उपलब्धिपूर्ण काम केही नगर्ने भनेर टिप्पणी गर्ने पनि धेरै छन् । किन पदप्रति चर्को आशक्ति देखाउनु भएको ?**

म वैदेशिक रोजगार व्यवसायमा लागेको १८ वर्ष भयो । एक दुई जना मप्रति पूर्वाग्रही हुनु र टिप्पणी गर्नु नौलो विषय भएन । हालको एशोसोसिएसन जति बलियो अवस्थामा छ, संस्थालाई यस अवस्थामा ल्याउन मैले धेरै मेहनत गरेको छु । मेरो कार्यकालमा जस्तो खटेर कसैको कार्यकालमा सदस्य बनाइएको छैन । नेपाली कांग्रेसको महासमिति बन्ने विषय एशोसिएसनको कार्यसमितिको निर्णयले भएको हुँ । मलाई दवावमा नभई सर्वसम्मतिले पठाइएको हो । यस अघि संघको सचिवको उम्मेदवार बन्दा पनि एशोसिएसनको कार्यसमितिको निर्णयअनुसार भएको हो । जहाँसम्म बिमल ढकालको संयोजकत्वमा रहेको संघको वर्तमान कार्य समितिको विषय छ, सबै राजनीतिक दलको प्रतिनिधित्व गरेर आउनु भएको छ । म नेपाली कांग्रेसको प्रतिनिधिको हैसियतले गएको हुँ । मैले सधैंभरी व्यवसायीको हितमा केही गर्न सकिन्छ कि भनेर बोल्ने दबाव दिने गरेको छु । पदप्रति आशक्ति देखाएको छैन ।

**यतिधेरै अवसर पाउँदा व्यवसायीका हितमा के काम गर्नुभयो ?**

म एशोसियनको संस्थापक सदस्यदेखि अध्यक्षसम्म हुँदा गरेका काम लोकतान्त्रिक व्यवसायीका अगाडि ताजै छ । तत्कालीन मन्त्री टेकबहादुर गुरूङले फ्रि भिसा, फ्रि टिकटको एक पक्षिय निर्णय गरेपछि म मन्त्रीको आँखाको तारो बन्ने गरि तत्कालीन अध्यक्षविरूद्ध लडेँ । म संघमा नेतृत्वदायी पदमा रहेर काम गरेको छैन । संघको नेतृत्व गर्ने अवसर पाएँ भने निस्वार्थरूपमा काम गरेर देखाउँछु । संघको नेतृत्व गरेर परिणाम निकाल्न सोँचे जस्तो सहज छैन । व्यवसाय, राजनीति, कानून, प्रशासन र इतिहास बुझेको र अडानमा बस्न सक्ने, आफ्नो स्वार्थका लागि संघलाई भजाएर स्वार्थ पुरा नगरी आफ्नो समेत काम छोडेर लाग्ने व्यवसायी अध्यक्ष हुनुपर्ने देखिएको छ ।

**एशोसिएसनको तर्फबाट अध्यक्षको उम्मेदवार को हुने अवस्था छ ?**

एशोसिएसनका अध्यक्ष कुमुद खनाल, पूर्व द्वितिय अध्यक्ष भुवन गुरूङ, निवर्तमान द्वितिय उपाध्यक्ष कमलदेव मल्ल निवर्तमान महासचिव सुजित श्रेष्ठ लगायतको इच्छा देखिन्छ । एशोसिएसन पार्टीको सुभेच्छुक संस्था पनि हो । पार्टीको तर्फबाट पनि मुल्यांकन हुन्छ ।

**संघको आगामी चुनाव गठबन्धनका आधारमा वा एक्लै कसरी अगाडि बढ्छ ?**

अहिलेसम्म निश्चितरूपमा यसरी भन्ने अवस्था छैन । हामी सबै व्यवसायी हौं ।

सुन्दा फ्रि भिसा र फ्रि टिकटको निर्णय लोकप्रिय छ । तर, यसको कार्यान्वयनमा समस्या भएकोले सरकार, कामदार र व्यवसायी तीन वटै पक्षलाई कुनै फाइदा भएको छैन भनेर प्रधानमन्त्रीदेखि विपक्षी दलको नेता आईएनजीओ र एनजीओलाई पनि प्रष्ट थाहा भइसकेको छ । नेपालको वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन यस विषयमा पुनर्विचार नगरी नहुने भएकोले छिटो निकास आउने अपेक्षा छ ।

व्यवसायमा दल निकट भनेर पनि हुँदैन । संघ बलियो नभएमा व्यवसायीका जायज मागहरू पनि सरकार र विभागले सुन्दैन भन्ने व्यवहारमा प्रमाणित भइसकेको छ । हाल संघको तदर्थ समिति पनि राजनीतिक दल निटक घटक संस्थाको संस्थागत सहमतिमा भएको छ । कतिपयले गठबन्धनका आधारमा जाने भन्नुभएको छ । यो विषय छलफल कै क्रममा छ ।

**एशोसिएसनले आफुलाई धेरै सदस्य भएको वैदेशिक रोजगार क्षेत्रको बलियो संस्था भएको दाबी गर्दै आएको छ । जित निश्चित हुने भएपछि अन्य घटकसँग मिलेर जाने अवस्था बन्ला र ?**

विगतमा गरिएको सहमतिको प्रयास असफल भएपछि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले उक्त निर्णय बदर गरि कार्यसमितिको सबै पदमा प्रतिस्पर्धा गर्ने निर्णय गरेको छ । एक दुई जनाको इच्छा भन्दापनि एशोसिएसनको जे आधिकारिक निर्णय हुन्छ, त्यसलाई सबैले मान्नुपर्छ । तर, एशोसिएसन गठबन्धन हुन्छ, जितिन्छ भनेर निश्चिन्त होइन, एकल प्रतिस्पर्धा गरेर संघमा प्यानल नै जित्ने योजना बनाएर अघि बढ्नुपर्छ । धेरै व्यवसायी सदस्य भएको एशोसिएसन वैदेशिक रोजगार क्षेत्रको बलियो संस्था हो । तर पछिल्लो साधारणसभा र निर्वाचनपछि पनि एशोसिएसन सबै व्यवसायीहरूलाई समेटेर बलियो बन्ने दिशामा गइरहेको देखिएको छैन । बाहिरबाट बलियो देखिएको भएपनि भित्र भताभुङ्ग अवस्था छ । नेतृत्वले आफूसँग असहमत पक्षलाई पनि नीति तथा कार्यक्रमका आधारमा समेटेर जान सक्नुपर्‍यो । म अध्यक्ष हुँदा तत्कालीन फोरममा दुई गुट थिए । तर, सबैलाई मिलाएर संघमा सबै फोरमका उम्मेदवार जिताएको हो । नेतृत्व गर्नेले सबैलाई समेट्ने क्षमता पनि देखाउनुपर्छ ।

# ऊर्जा संकट : विश्वव्यापीरूपमा आणविक पुनरागमनको खतरा

**काठमाडौं/एजेन्सी–** विश्वव्यापीरूपमा ऊर्जा आयातको लागत बढ्दै जाँदा र जलवायु परिवर्तनको समस्याले विश्व समुदायको टाउको दुखाई भइरहेको बेला आणविक ऊर्जामा चासो बढ्दै गएको छ । सन् २०११ मा जापानको फुकुशिमा दुर्घटनापछि आणविक ऊर्जामा लगानी घटेको थियो, जुन सन् १९८६ मा चेर्नोबिलपछिको विश्वको सबैभन्दा खराब आणविक दुर्घटना थियो ।



तर फेब्रुअरीमा रूसले युक्रेनमाथि गरेको आक्रमण, त्यसपछि ऊर्जा आपूर्तिमा आएको सङ्कुचन र युरोपले रूसी तेल र ग्यासबाट आफूलाई अलग्याउने प्रयास गरेपछि अबको वैकल्पिक सोच आणविक शक्तिको पक्षमा फर्किरहेको छ ।

बढ्दो ग्याँस र बिजुलीको बिल र दुर्लभ स्रोतहरूले यस जाडोमा व्यापक पीडा निम्त्याउने खतराका साथ धेरै मुलुकका सरकारहरूले कठिन निर्णयहरूको सामना गरिरहेका छन् । केही विज्ञहरू आणविक शक्तिलाई विकल्प मान्न नहुने तर्क गर्छन्, तर केहीले यति धेरै संकटहरूको सामना गर्दा, यो विश्वको ऊर्जा मिश्रणको भाग रहनुपर्ने बताएका छन् ।

आणविक ऊर्जामा पुनर्विचार गर्ने देशहरूमध्ये एक जापान हो, जहाँ सन् २०११ को दुर्घटनाका कारण सुरक्षाको डरले धेरै आणविक रिएक्टरहरू निलम्बन गरिएको थियो । यसै साता जापानका प्रधानमन्त्री फुमियो किशिदाले जापानको आणविक ऊर्जा उद्योगलाई पुनर्जीवित गर्न र नयाँ आणविक संयन्त्र निर्माण गर्न आह्वान गरेका छन् ।

आणविक शक्तिबाट टाढा जान चाहने अन्य देशहरूले ती योजनाहरूलाई कमसेकम छोटो अवधिका लागि अस्वीकार गरेका छन् । रूसले युक्रेनमाथि आक्रमण गरेको एक महिना नबित्दै बेल्जियमले सन् २०२५ मा आणविक ऊर्जा बन्द गर्ने आफ्नो योजनामा एक दशक ढिला हुने बताएको छ ।

हाल ३२ देशमा प्रयोग भइरहेको आणविक ऊर्जाले विश्वको विद्युत् उत्पादनको १० प्रतिशत आपूर्ति गर्छ भने अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय (आईएईए) ले सन् २०११ मा जापानमा आएको विनाशकारी भूकम्पपछि पहिलो पटक सेप्टेम्बरमा आफ्नो प्रक्षेपण गरेको थियो । आईएईएले सन् २०५० सम्ममा सबैभन्दा अनुकूल परिदृश्यमा स्थापित क्षमता दोब्बर हुने अपेक्षा गरेको छ ।

युरोपको सबैभन्दा ठूलो अर्थतन्त्र जर्मनीमा पनि सन् २०२२ को अन्त्यसम्ममा मुलुकका पछिल्ला तीन वटा आणविक ऊर्जा केन्द्र बन्द गर्ने विषयमा ऊर्जा संकटले बहसलाई पुनर्जीवित गरिरहेको छ । बर्लिनले गत महिना राष्ट्रिय विद्युतीय ग्रिडको 'स्ट्रेस टेस्ट'को नतिजा पर्खने बताएको थियो ।

ग्रीनपीस जर्मनीका जलवायु तथा ऊर्जा विज्ञ गेराल्ड न्युबाउरले आणविक शक्तितर्फ उन्मुख हुनु ऊर्जा संकटको समाधान नभएको बताएका छन् । रुसी ग्यासलाई प्रतिस्थापन गर्न आणविक ऊर्जाको 'सीमित' प्रभावकारिता हुने बताउँदै उनले जर्मनीमा विद्युत् उत्पादनका लागि नभई 'तातो पानीका लागि' प्रयोग हुने बताए । उनले भने, 'आणविक रिएक्टरहरूले बिजुलीका लागि प्रयोग हुने ग्यासमात्र बचत गर्नेछ, यसले ग्यास खपतको एक प्रतिशतभन्दा कम बचत गर्नेछ ।'

तर दीगो विकास र अन्तर्राष्ट्रिय सम्बन्ध (आईडीडीआरआई) का प्रबुद्ध समूहका ऊर्जा तथा जलवायु विज्ञ निकोलस बर्गम्यान्सका अनुसार आणविक शक्तिको प्रयोग बढाउन सकेमा वर्तमान् उर्जा संकटलाई कम गर्न 'सहयोग मिल्ने' देखिन्छ ।

उनले भने, 'धेरै मिल्दाजुल्दा संकटहरूको साथ युरोप धेरै फरक ऊर्जा स्थितिमा छ । रूसी ग्याँस आपूर्तिको समस्या, बाँधहरूको क्षमता घटाउने, खडेरी, फ्रान्सेली आणविक प्लान्टहरूको कमजोर उत्पादनलगायतका कारण आणविक उर्जाको प्रसंग महत्वपूर्ण छ ।'

आणविक समर्थक समूहले जलवायु परिवर्तनबाट बच्नका लागि यो विश्वकै सबैभन्दा राम्रो विकल्पमध्ये एक भएको बताएको छ किनभने यसले प्रत्यक्ष रूपमा कार्बन डाइअक्साइड उत्सर्जन गर्दैन ।

वास्तवमा, संयुक्त राष्ट्रसंघका जलवायु विज्ञहरू आईपीसीसीले विश्वव्यापी जलवायु संकटलाई कम गर्न अघि सारेका अधिकांश परिदृश्यहरूमा आणविक ऊर्जाले विश्व शक्ति मिश्रणको ठूलो हिस्सा ओगटेको बताउँछन् ।

विद्युतको आवश्यकताको रूपमा चीनसहित चेक गणराज्य, भारत र पोल्याण्डले परमाणु पूर्वाधारको विकास गर्न इच्छा व्यक्त गरेका छन् । यो समूहसँग पहिलेदेखि नै रिएक्टरहरूको सबैभन्दा अधिक संख्या छ । उनीहरूले परमाणु शक्तिले कोइलाको विकल्प प्रदान गर्ने राय दिन्छन् ।

त्यस्तै, बेलायत, फ्रान्स र नेदरल्यान्ड्सको पनि समान महत्वाकांक्षा छ, र संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडनले आफ्नो लगानी योजनाले अमेरिकाको विकासलाई प्रोत्साहित गर्ने बताउँछन् ।

आईपीसीसीका विशेषज्ञहरूले आणविक ऊर्जाको तैनाथ 'सामाजिक प्राथमिकताहरू द्वारा सीमित हुन सक्ने' स्वीकार्छन् । उनीहरूका अनुसार यो विषय अझै पनि विनाशकारी दुर्घटनाहरूको जोखिम र रेडियोएक्टिभ फोहोरलाई कसरी सुरक्षित रूपमा व्यवस्थापन गर्ने भन्ने अझै पनि नसुल्झिएको मुद्दाको कारण राय विभाजन गर्दछ ।

न्युजिल्याण्ड जस्ता केही देशहरूले आणविक शक्तिको विरोध गर्छन् र यसलाई 'हरित' ऊर्जाको रूपमा सूचीबद्ध गर्ने कि नगर्ने भन्ने विषयमा युरोपेली संघमा पनि चर्को बहस भएको छ । गत महिना युरोपेली संसदले ग्यास र आणविक ऊर्जामा लगानीका लागि दिगो वित्तीय अवस्था दिने विवादास्पद प्रस्ताव पारित गरेको थियो ।

अन्य मुद्दाहरू आणविक पूर्वाधारमा बाँकी छन् जसमा लागत र कडा नियन्त्रणको साथ नयाँ रिएक्टरहरू निर्माण गर्ने क्षमता समावेश छ । बर्घम्यान्सले 'लामो निर्माण ढिलाइ' प्रति चासो व्यक्त गरेका छन् । 'हामी मध्यम अवधिको समाधानको बारेमा कुरा गरिरहेका छौं, जसले बजारमा तनाव समाधान गर्दैन । तिनीहरू जलवायु संकटलाई सम्बोधन गर्न धेरै ढिलो हुनेछन् तर 'गतिशील' नवीकरणीय ऊर्जा क्षेत्रमा ध्यान केन्द्रित गर्नु आजको उत्तम उपाए हुनेछ र समस्या समाधानका लागि तत्काल सहायक हुन सक्छ,' उनले भने ।

# पाकिस्तानमा वर्षाजन्य घटनाबाट एकैदिन ४५ को मृत्यु



**काठमाडौं/एजेन्सी–** पाकिस्तानमा वर्षाजन्य घटनामा परी पछिल्लो एक दिनमा ४५ जनाको मृत्यु भएको छ । घटनाका कारण अरु ११३ जना घाइते भएको स्थानीय अधिकारीहरूले शनिबार जानकारी दिएका छन् । घाइतेहरूको स्थानीय विभिन्न अस्पतालमा उपचार भइरहेको जनाइएको छ ।

अत्यधिक वर्षाका कारण देशका विभिन्न ठाउँमा बाढी, पहिरो लगायतका घटना भएको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरणले जनाएको छ । वर्षाको सबैभन्दा बढी असर सिन्ध प्रान्तमा परेको देखिएको छ । सिन्ध प्रान्तमा मात्रै पछिल्लो एक दिनमा ३३ जनाको मृत्यु भएको छ भने अरु ९८ जना घाइते भएका छन् । पछिल्लो समय पाकिस्तानमा बाढी पहिरोका कारण मृत्यु भएकाहरूको कुल संख्या नौ सय ८२ पुगेको प्राधिकरणले जनाएको छ ।

पाकिस्तानमा गत मध्य जुनदेखि अत्यधिक बर्सातसँगै बढी पहिरो शुरु भएको हो । यस अवधिमा एक हजार चार सय ५६ जना घाइते भएका छन् । बाढी पहिरोका कारण अरु हजारौँ मानिस विस्थापित र प्रभावित भएका छन् ।

त्यसैगरी छ लाख ८२ हजार एक सय ३९ घर क्षतिग्रस्त भएका छन् भने १४९ पुल भत्किएका छन् । प्राधिकरणका अनुसार १२२ पसल तथा व्यवसायीका प्रतिष्ठानका भवनहरूमा पनि क्षति पुगेको छ ।

लगातारको वर्षाका कारण देशका विभिन्न ठाउँमा बाढी पहिरो आएको र मानवीय तथा भौतिक क्षति भएकाले राष्ट्रिय संकट घोषणा गरिएको हो । सरकारले बिहीबार राष्ट्रिय संकट घोषणा गर्दै आफ्ना सबै शक्ति तथा कार्यक्रम प्रभावित क्षेत्र र पीडित जनतामा केन्द्रित गरिने जनाएको छ ।

पाकिस्तानमा अहिले अस्वभाविक रुपमा वर्षा भएको र त्यसको असर पनि अस्वभाविक नै रहेको अधिकारीहरूले जनाएका छन् । बाढी पहिरोका कारण हजारौँ मानिस घरबार विहीन भएको र उनीहरुमध्ये कतिपय अझै पनि अस्थायी शिविरमै रहेको प्राधिकरणले जनाएको छ ।

बाढी पहिरो गएका ठाउँमा उद्धार तथा राहतका लागि ठूलो मात्रामा जनशक्ति परिचालन गरिएको छ । उनीहरूले घटनास्थलमा दयनीय अवस्था रहेकाले धेरै सहयोग सामग्रीहरूको आवश्यकता रहेको बताएका छन् ।

# भारत र ब्राजिलद्वारा सुरक्षा परिषद्को सुधारको माग

**काठमाडौं/एजेन्सी–** भारत र ब्राजिलले अन्तरराष्ट्रिय शान्ति र सुरक्षामा समसामयिक चुनौतीहरूको सामना गर्न मद्दत गर्न संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को व्यापक सुधारको आवश्यकतालाई औंल्याएको छ । भारतको विदेश मन्त्रालयले दिएको जनाकारी अनुसार यस किसिमको विचार आठौं ब्राजिल-भारत संयुक्त आयोग बैठक (जेसीएम) पछि जारी गरिएको संयुक्त वक्तव्यमा जनाइएको छ ।

अगस्ट २४ मा ब्राजिलियामा भएको संयुक्त आयोगका सहअध्यक्ष विदेशमन्त्री एस जयशंकर ब्राजिलका समकक्षी कार्लोस अल्बर्टो फ्रान्को फ्रान्काले गरेका थिए । शनिबार जारी गरिएको मन्त्रालयको विज्ञप्ति अनुसार सन् २००६ मा स्थापित रणनीतिक साझेदारी थुप्रै क्षेत्रहरू समेट्न त्यसपछिका दिनहरूमा द्वीपक्षीय सम्बन्ध थप प्रगाढ बन्दै गएको छ । सो साझेदारीका विषयहरू साझा लोकतान्त्रिक मूल्यमान्यता, समान विश्वव्यापी दृष्टिकोण, र सामाजिक समावेशीकरण र दिगो विकासका साथ आर्थिक वृद्धिलाई बढावा दिने लगायतका प्रतिबद्धतामा आधारित छन्। विदेश मन्त्रालयले दुई देशले संयुक्त राष्ट्रसंघ लगायत बहुपक्षीय संगठनहरू र जी-२०, ब्रिक्स, आइबिएसए, जी-४ लगायात बहुपक्षीय फोरमहरूमा पनि व्यापक रूपमा सहयोग गर्ने बताएको छ ।

ब्राजिलमा भएको वार्ताका क्रममा दुई विदेशमन्त्रीले द्विपक्षीय सम्बन्धका सर्वाङ्गीण पाटोका बारेमा छलफल गरेका थिए । उनीहरूले व्यापार तथा आर्थिक सम्बन्धको समीक्षा गर्नुका साथै कोभिड-१९ को महामारीबाट उत्पन्न चुनौतीका बाबजुद द्विपक्षीय व्यापारमा निरन्तर वृद्धि भएकोमा सन्तुष्टि समेत व्यक्त गरेका थिए ।

कुल द्विपक्षीय व्यापार गत वर्षको तुलनामा सन् २०२१ मा ६३.५ प्रतिशतले बढेर ११.५३ बिलियन अमेरिकी डलर पुगेको छ। भारत ब्राजिलको पाँचौ ठूलो व्यापार साझेदार बनेको छ । उनीहरूले द्विपक्षीय व्यापारको वृद्धि र विविधीकरणको थुप्रै सम्भावनालाई औंल्याउँदै निजी क्षेत्रलाई अवसरहरू खोज्न आग्रह गरेका छन् ।

दुवै विदेश मन्त्रीले सन् २०२२ मा संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा दुवै देश निर्वाचित सदस्य बनेको बेलामा दुई देशबीचको घनिष्ठ सम्बन्धको प्रशंसा गरेका थिए ।

उनीहरूले संयुक्त राष्ट्रसंग सुरक्षा परिषद्को व्यापक सुधारको तत्काल आवश्यकतालाई पुनः पुष्टि गर्दै विशेष गरी स्थायी र गैर-स्थायी दुवै क्षेत्रमा यसको विस्तार गर्ने, यसलाई थप प्रतिनिधि, प्रभावकारी र अन्तरराष्ट्रिय शान्ति र सुरक्षाको समसामयिक चुनौतीहरूको लागि उत्तरदायी बनाउन आग्रह गरिएको जनाइएको छ।

दुवै मन्त्रीहरूले जी-२० को महत्त्वलाई प्रकाश पार्दै भारत सन् (२०२३) र ब्राजिल (२०२४) को आगामी अध्यक्षताको समयमा नजिकबाट सहयोग गर्न सहमत भएका छन् ।

# अमेरिकाद्वारा श्रीलंकालाई खाद्यान्न सहयोग

**काठमाडौं/एजेन्सी–** संयुक्त राज्य अमेरिकाले अमेरिकी कृषि मन्त्रालय (यूएसडीए) मार्फत् र सेभ द चिल्ड्रेनसँगको साझेदारीमा श्रीलंकाका विद्यालयका बालबालिकाको पोषणका लागि तीन हजार मेट्रिक टन खाद्यान्न सहयोग गरेको छ ।

'अमेरिकी जनताबाट प्राप्त यो दानले सबैभन्दा आर्थिकरूपमा कमजोर श्रीलंकाका बालबालिकालाई लक्षित गर्दछ र उनीहरूलाई खाद्यान्न अभावको चिन्ताबाट मुक्त गरी विद्यालयको पढाईमा ध्यान केन्द्रित गर्न सक्षम बनाउनेछ,' श्रीलंकास्थित अमेरिकी दूतावासले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सबै श्रीलंकालीलाई देशको स्वतन्त्रतापछिको सबैभन्दा खराब आर्थिक सङ्कटबाट अघि बढ्न सहयोग गर्ने अमेरिकी प्रतिबद्धताको प्रमाण सहयोग गरिएका पौष्टिक खाद्यान्न हुनेछ ।'

राजदूत चुङ, श्रीलंकाका शिक्षामन्त्री सुसिल प्रेमजयन्था, स्वास्थ्य मन्त्रालय, राष्ट्रिय योजना विभाग र सेभ द चिल्ड्रेनका प्रतिनिधिको उपस्थितिमा उक्त सहयोग हस्तान्तरण गरिएको हो ।

यो सहयोग 'यूएसडीए म्याकगभर्न-डोल इन्टरनेसनल फुड फर एजुकेसन एण्ड चाइल्ड न्युट्रिसन प्रोग्राम'को एक हिस्सा हो । भोकमरी कम गरेर साक्षरता र विद्यालय उपस्थिति सुधार गर्न खाद्य असुरक्षितलाई तत्काल आपतकालीन सहायता प्रदान गर्ने उद्देश्यले पाँच वर्षको दुई करोड ६० लाख अमेरिकी डलरको परियोजना हो ।

'यूएसडीए र यसको साझेदार सेभ द चिल्ड्रेनले श्रीलंका सरकार र स्थानीय समुदायसँग मिलेर सबैभन्दा बढी खाँचोमा परेकाहरूलाई खाना पुऱ्याउन काम गरिरहेका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'यो सहयोगले विश्वव्यापी रूपमा खाद्य सुरक्षा अभियानलाई विस्तार गर्न र जीवन बचाउन र दुःख कम गर्न तत्काल आपतकालीन सहायताको रेकर्ड मात्रा प्रदान गर्न अमेरिकी प्रयासलाई प्रतिबिम्बित गर्दछ ।'

यसका अतिरिक्त अमेरिकाले यस वर्ष श्रीलंकालाई १७ करोड ९० लाख अमेरिकी डलरभन्दा बढी को नयाँ सहायता को घोषणा गरेको छ । जूनयता मात्र करिब तीन करोड २० लाख अमेरिकी डलर नयाँ मानवीय र प्राविधिक सहायता श्रीलंका आएको छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०५/१२**

**तिबुङ्पोखरी निर्माण एण्ड सप्लायर्स प्रा.लि.**को मिति २०७९/०४/१० गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **तिम्बुङ पोखरी निर्माण सेवा प्रा.लि. (प्रा.लि. नं. २४२८८८)** कायम गर्ने गरी मिति २०७९/०४/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेश्रो पटक प्रकाशित मितिः २०७९/०५/१२

यस कम्पनीको मिति २०७९।०५।०१ को विशेष साधारण सभाको निर्णय अनुसार कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८।०५।०६ को निर्णयबाट **ई. एन. सी. होलिडेज प्रा.लि.** को नाममा रहेको सम्पुर्ण चल-अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने दायित्व आदी परिवर्तित नामको कम्पनीले तिर्ने व्यहोर्ने गरि साविकको नाम **ई. एन. सी. होलिडेज प्रा.लि.** परिर्वतन गरी **नमस्ते टुरिजम एण्ड होलिडेज प्रा.लि.** कायम भएको हुँदा सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०५/१२**

**एभर सेफ बिल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि**. को सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बिजल कन्सट्रक्सन प्रा.लि. (प्रा. लि. नं.: ९६४३९/०६९/०७०)**, कायम गर्ने गरी मिति २०७९/०४/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मितिः २०७९/०५/१२**

यस कार्यालयमा मिति २०७८/११/२३ मा दर्ता भएको **प्रा.लि.नं. २८५७५४** को **आर. एण्ड एन. पावर सोलुसन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०५/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कतारमा रोजगारको अवसर**

कम्पनीः MOHD. HUSSAIN AL MUFTAH EST
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०५/१० चलानी नं.: ६०१८६२३२ LT. No.: 270406

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | labour | 3 | 0 | | 1000 | ३४,८०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १९ गते (4 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

for better placement
**VITAL INTERNATIONAL SERVICE PVT. LTD.**
Lalitpur-10, Kupandole-10, Tel: 01-5445897
Phone No.: 9801145285, 9851045755, Email: cvforvital@gmail.com
Govt. Lic.No. 949/067/068

**मलेसियामा रोजगार**

कम्पनी : EZYTRONIC SDN.BHD.
शहर : Subang jaya

पूर्व स्वीकृत मितिः २०७९/०५/१० चलानी नं.: ६०१८६२१६ LT. No.: 270351

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १९ देखि २२ गते सम्म (4 to 7 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Model Enterprises Pvt. Ltd.**
प्रगति टोल, चप्पलकारखाना, महाराजगञ्ज, काठमाडौं-४, नेपाल
फोनः ०१-४५२२८८१, ४५२२९८४ Mob: 9813589475
E-mail: modelenterprises022@gmail.com | Website: www.modelenterprisesplc.com
श्रम इजाजत नं. ३४२/०५९/०६०

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनीः Abdul Majeed Abdul Rahman Al Jeraisy Recruitment Company Branch शहरः Saudi

पूर्व स्वीकृत मितिः २०७८/११/३० चलानी नं.: ६०१७५९३३ L.T. No.: 259249 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL LABOR | 100 | 0 | स. काममा दक्ष | 1000 | ३३,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १९ गते (4 Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Yatra H.R. Solution Pvt. Ltd.**
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com
Gov. Lic No. 1096/073/074

**मलेसियामा रोजगार**

कम्पनीः PROSCREEN MARKETING SDN BHD
शहरः Kuala Lumpur

पूर्व स्वीकृत मितिः २०७९/०५/११ चलानी नं.: ६०१८६२४१ LT. No.: 270357

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ भदौ १९ गते (4 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**NICE OVERSEAS PVT. LTD.**
Dhobighat-3, New Colony, Lalitpur, Tel.: 5535529, 5523629, 9851193062
E-mail: info@niceoverseas.com.np, Website: www.niceoverseas.com.np
श्रम इजाजत पत्र नं. १०८९/०७३/०७४

# बक्स अफिस समाचार

# ‘सिनेमा बनाउनुअघि अध्ययन जरुरी, सस्तो सब्जेक्ट लिनु हुन्न’

चलचित्र निर्देशनको क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल निरज घिमिरे पछिल्लो समयका ब्यस्त निर्देशक मध्येका हुन् । अहिलेसम्म आइपुग्दा घिमिरेले थुप्रै चलचित्र निर्देशन गरिसकेका छन् । चलचित्रमा पात्रको चयन र प्रस्तुतिकरण महत्वपूर्ण हुन्छ र यो नितान्त निर्देशकीय कला र क्षमतामा निर्भर गर्दछ । एउटा वैधानिक पात्रको खोजी निर्देशक वा कथा लेखकको लागि ठुलो चुनौती हो । पात्रको एउटा विशेषता जीवन प्रति इमानदार हुनु हो । यसलाई पात्र प्रतिको विश्वसनीयता भनेर बुझ्ने पनि हुन्छ । पात्र असल छ भने दर्शकलाई उसको गुण प्रति विश्वास हुनु पर्छ र खराब छ भने उसको दुर्गुणप्रति पनि विश्वास हुनु पर्छ । सबै विधाका चलचित्रमा यो नियम लागू नभए पनि नेपालमा बनिरहेका यथार्थ परक चलचित्रमा पात्र जीवनप्रति इमानदार हुन जरुरी रहेको उनको भनाइ छ । २०५६ सालदेखि निरन्तर सिने क्षेत्रमा सक्रिय निर्देशक निरज घिमिरेले कान्छि नानी, लावारीश, दिलमा सजाए तिमीलाई, अन्नदाता, विवश, अफिसर, वारेन्ट, सिष्टम आदि नेपाली चलचित्रको निर्देशन गरेका छन् भने आधा दर्जन भोजपुरी चलचित्र, भिडियो फिल्म, टेलिफिल्म, भिडियोहरुको निर्देशन गरिसकेका छन् । बलिउडको प्रख्यात सिरियल निर्माण कम्पनि बालाजी टेलि फिल्मस्मा समेत आफ्नो कार्य क्षमता प्रस्तुत गरिसकेका निर्देशक निरज घिमिरेले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :


**निरज घिमिरे**, निर्देशक

**हिजोआज के गर्दै हुनुहुन्छ ?**

यो समय देशको परिस्थिति र आक्रन्त कोरोनाको कारणबाट सुटिङमा जान सकिरहेको छैन । छलफल, विचार विमर्श चलिरहेको छ ।

**नेपाली सिनेमा नचल्नुको कारण ?**

दर्शकको स्वाद नबुझी हतार हतारमा चलचित्र निर्माण गरिनाले पनि हो । साथै स्कृप्ट, कलाकार, लोकेशन, प्राविधिकहरुको सही छनोट नहुनु पनि हो ।

**युवा पुस्तालाई नेपाली सिनेमा प्रति आकर्षित गर्न के गर्नु पर्ला ?**

हाम्रो चलचित्रमा युवा पुस्तालाई तान्नका लागि पछिल्लो आधुनिक प्रविधि साथै मर्मश्पर्शी कतावस्तु र सकारात्मक सन्देश दिने खालको सामाजिक ऐना हो चलचित्र । त्यसैले सबै उमेर समूहलाई लक्षित गरी चलचित्र निर्माण गर्न सकियो भने युवा पुस्तालाई पनि नेपाली चलचित्र प्रति आकर्षित गर्न सकिन्छ ।

**अन्तर्राष्ट्रियस्तरमा अथवा उचाईमा पुग्न सफल नेपाली सिनेमा कोभिडले गर्दा पछि परेको अवस्था छ । आगामी दिनमा त्यही उचाई लिन सक्ला त ?**

अन्तर्राष्ट्रियस्तरमा जानका लागि हामीले उत्कृष्ट सिनेमा बनाउन पर्‍यो । साथै सरकारबाट पनि पहल हुनु जरुरी छ ।

**उद्योगको मान्यता पाइसकेपछिको अवस्थालाई कसरी हेरिरहनु भएको छ ?**

उद्योगको मान्यता पाएपछि सरकारको अण्डरमा जान्छ र त्यसपछि सिष्टम लागू हुन्छ । उद्योगको मान्यता पाएपनि प्रभावकारी हुन सकिरहेको पाइँदैन ।

चलचित्रकर्मीले पनि चलचित्रमा लगानी गर्दा बैंकिङ सुविधा पाउनु पर्छ, तर अहिलेसम्म पाउन सकिरहेका छैनन् । हामीले निर्माणमा क्वालिटीलाई ध्यान दिनु पर्छ । अनिमात्र सबैको जित हुन्छ ।

**सिनेमा जगतमा एउटा उचाई बनाइसक्नु भएको व्यक्ति आफैंलाई चाहि कस्तो अनुभूति हुन्छ ?**

आफुले आफुलाई मनन् गर्दा गुनासोहरु पनि छन् ।

किन कि २०, २२ वर्षको सिनेमा यात्रामा आज पनि हामी उही समस्या लगानी, क्वालिटी कमजोर सिनेमा व्यापारमा पिल्सी रहेका छौं ।

**डिजिटल प्रविधिबाट सिनेमा बन्न थालेपछिको अनुभव कस्तो रह्यो ?**

डिजिटल फ्रम्याटको सिनेमा मेकिङमा आफ्नो सोच अनुसार पर्दामा उतार्न सकिन्छ । भिजुअल इफेक्टका काम गर्न सकिन्छ । जुन बन्देज नेगेटिभ रिलमा थियो त्यो भन्दा सहज र स्तरीय काम डिजिटल प्रविधिमा गर्न सकिन्छ ।

**ब्यस्त निर्देशक मध्येमा पर्नुहुन्छ अहिले के छ अवस्था ?**

हजुर, यति बेलाको समयमा सिनेमाको सब्जेक्ट, लोकेशन अन्य कुराहरुमा गहन सोच विचार, एक प्रकारले सिनेमा मेकिङको रिसर्च नै भैरहेको छ कसरी सिनेमा राम्रो बनाउने र लगानी सुरक्षित गर्न सकिन्छ भन्ने बारेमा अध्यायन भैरहेको छ ।

**कस्तो विषयमा सिनेमा बनाउदा लगानीकर्ता सुरक्षित हुन्छन् ?**

हामीले कस्तो सिनेमा बनाउँदा दर्शकहरुलाई मन पर्छ भनेर अध्ययन गर्नु पर्‍यो र घिसिपिटी सस्तो सब्जेक्ट लिनु भएन ।

नयाँ विषयवस्तुको छनोटसँगै नेपाली मौलिकतामा केन्द्रित रहेर सिनेमा निर्माण गर्न सकियो भने लगानीकर्ता सुरक्षित हुन्छ ।

**नेपाली सिनेमाको बजार विस्तार हुन नसक्नुको कारण के होला ?**

बजार विस्तार नहुनुमा नेपाली फिल्मकर्मीमा एकता नहुनु, सरकारले सहयोग नगर्नु र सबै सिनेमा मेकरहरु व्यक्तिगत स्वार्थमा लाग्नु यिनै कारणहरु हुन् ।



**सिनेमा समाजको ऐना भन्छन्, यो ऐनाको मुख्य व्यक्ति निर्देशक भएको नाताले उसको समाज प्रतिको जिम्मेवारी कत्तिको हुन्छ ?**

सिनेमाको क्याप्टेन भनेको निर्देशक हो । उसको भिजन सही हुनु पर्‍यो ।

आफ्नो युनिटलाई कमान्ड गर्ने क्षमता हुनु पर्‍यो र मेरो यो सोचाईले समाजमा राम्रो मार्गदर्शन, सकारात्मक सन्देश दिन्छ भनेर आत्मविश्वास हुनु पर्‍यो ।

समाजलाई सकारात्मक बाटोमा लानलाई हाम्रो महत्वपुर्ण भूमिका छ ।

**नव आगन्तुहरुलाई के सल्लाह दिन चाहनुहुन्छ ?**

अहिलेका नव आगन्तुकहरुलाई पढेर, बुझेर आफ्नो भविष्य यो क्षेत्रमा सुरक्षित गर्न सकिन्छ कि सकिँदैन एकदमै विचार गरेर आउनु होला ।

**समग्र सिनेमा क्षेत्रको विकासका लागि के गर्नु पर्ला ?**

सिनेमा क्षेत्रको विकासको लागि सम्पूर्ण सिनेमासँग सम्बन्ति निकाय तथा व्यक्तिहरुबीच अन्तरक्रिया कार्यक्रम, गोष्ठी, वैचारिक छलफल भएमा सिनेमा क्षेत्र अगाडि बड्न सक्छ ।

## नीर शाह र गौरी मल्ल सम्मानित



**काठमाडौं/मस–** सारा संसार मिडिया प्रालिको घोषणा कार्यक्रम तथा सम्मान कार्यक्रम २०७९ सम्पन्न भएको छ । सारा संसार मिडिया प्रालिकी संस्थापक अध्यक्ष सारीकातमाङको सभापतित्वमा सम्पन्न कार्यक्रममा विशिष्ठ अभिनेता निर बिक्रम शाह तथा विशिष्ठ अभिनेत्री गौरी मल्ललाई चलचित्र, कला तथा मनोरञ्जन क्षेत्रमा निरन्तर लागि परी अतुलनीय योगदान पुर्‍याए बापत नगद सहित ताम्रपत्रद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रममा सारा संसार मिडियाका कार्यकारी निर्देशक शंकर प्रसाद दुलाल तथा अध्यक्ष सारीका तमाङले शाह र मल्ललाई संयुक्तरुपमा सम्मान गरेका थिए ।

वर्षेनी सातै प्रदेशका एक महिला तथा एक पुरुष श्रष्टालाई सम्मान गरिने कुरा सारा संसार मिडिया प्रालिकी संस्थापक अध्यक्ष तामाङले जानकारी गराइन् । कार्यक्रमको सहजीकरण सञ्चारकर्मी सुमन कुमार श्रेष्ठले गरेका थिए ।

## दीपज्योती थापालाई रंगपत्रकारिता पुरस्कार

**काठमाडौं/मस–** छायाँछवि क्रियसनको प्रस्तुतिमा नवौं छायाँछवि तीज म्युजिक अवार्ड -०७९ सम्पन्न भएको छ । शुक्रबार काठमाडौंमा सम्पन्न भएको कार्यक्रममा गीत संगीत क्षेत्रमा सक्रिय व्यक्तित्वहरुको उत्साहजनक सहभागिता रहेको थियो ।

हरितालीका तीजको पुर्व सन्ध्यामा कला क्षेत्रमा लागेका स्रष्टा तथा सर्जकहरुलाई थप हौसला प्रदान गर्दै एक आपसमा माया एवं सद्भाव फैलाउने उद्देश्यका साथ विगत नौं वर्ष देखि निरन्तर रुपमा छायाँछवि तीज म्युजिक अवार्डको आयोजना हुँदै आइरकेको छ । कलाकारिताका माध्यमबाट हाम्रो मौलिक संस्कृतिको जगेर्नाका निम्ति योगदान पुर्‍याने स्रष्टा एवं सर्जकहरुलाई सम्मान स्वरुप दर खुवाउनुका साथै सांस्कृतिक प्रस्तुति सहित तीज अवार्डको समापन हुँदै आएको छ ।



मौलिक सांस्कृतिक पर्व तीजलाई मनोरञ्जनको भन्दा पनि संस्कृतिको संम्बर्द्धन एवं प्रवर्द्धनमा यस अवार्डले जोड दिदै आएको छायाँछवि तीज म्युजिक अवार्डका अध्यक्ष शान्तिप्रियले बताए । कार्यक्रममा कला क्षेत्रका लोकप्रिय व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

सो अवसरमा छायाँछवि तीजको कार्यक्रममा नियमित रुपमा प्रदान गर्दै आएको छायाँछवि तीज रंगपत्रकारिता पुरस्कारबाट पत्रकार दीपज्योती थापालाई पुरस्कृत गरिएको थियो । थापालाई नगद रु. ५५५५ सहित प्रमाणपत्र एवं दोसल्लाले सम्मान गरिएको थियो ।

त्यस्तै छायाँछवि तीज नारी सम्मानबाट खेलाडी तथा कलाकार नन्दा बस्याल, गीतकार सामना शाह सम्मानित भएका थिए भने सामाजिक सेवा सम्मानबाट समाजसेवी लक्ष्मण मल्ल र नेपाल कपडा तथा सिलाई व्यवसायी महासंघका अध्यक्ष रामकृष्ण श्रेष्ठलाई सम्मान प्रदान गरिएको थियो । संचारकर्मी सुष्मा श्रेष्ठले कार्यक्रम संचालन गरेकी थिइन् ।

## नरेशलाई ‘काब्य म्युजिक अवार्ड’



**काठमाडौं/मस–** एउटा चलचित्र सफल हुन सबै पक्षको महत्वपूर्ण भूमिका रहन्छ । युनिट, प्राविधिक, कलाकार सबै मिलेर राम्रो चलचित्र बन्ने हो । चलचित्रको पर्दामा देखिनेको जति मिहेनत हुन्छ, पर्दा पछाडी रहेर काम गर्नेहरुको अझ बढी जिम्मेवारी रहन्छ ।

यस्तै लामो समयदेखि पर्दा बाहिर अर्थात छायाँकारको रुपमा काम गर्दै आइरहेका नरेश ऐर ‘काव्य म्युजिक अवार्ड २०७९’बाट सम्मानित भएका छन् । शुक्रबार राजधानीमा सम्पन्न काव्य म्युजिक सेन्टरद्वारा आयोजित कार्यक्रममा छायाँकार ऐर सर्वोत्कृष्ट छायाँकारको अवार्डबाट सम्मााीत भएका हुन् ।

कलाकार लक्ष्मी गिरीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सो कार्यक्रममा अहिलेका चर्चित म्युजिक भिडियो निर्देशिका बबिता श्रेष्ठ, चर्चित निर्देशक निरेन श्रेष्ठ र लोकप्रिय गायिका कमला गौतम ‘स्मृति’ सहित जुरि मेम्बर रहेको सोही कार्यक्रममा वरिष्ठ गीतकार, साहित्यकार सुरेन्द्र महर्जन अमरलाई काब्य म्युजिक रजत सम्मानबाट सम्मान गरिएको छ ।

त्यसैगरी मनोरञ्जन पत्रकारिताबाट रश्मि थापालाई नगद धनराशि सहित काब्य मनोरञ्जन पत्रकारिता सम्मान प्रदान गरिएको छ । क्रमश: २६ विधामा अवार्ड तथा सम्मान वितरण गरिएको थियो ।

## सर्‍यो ‘जी ले जरा’

**काठमाडौं/एजेन्सी–** अभिनेत्री प्रियंका चोपडा, कटरिना कैफ र आलिया भट्टको अभिनय रहने फिल्म ‘जी ले जरा’ का कारण उनीहरूका फ्यान निकै उत्साहित थिए । यो फिल्मको छायांकन कहिले शुरु होला भन्ने चासो सर्वत्र थियो ।

तर, पछिल्लो विकसित घटनाक्रम हेर्दा यो फिल्म तत्कालका लागि धेरै पछाडि सरेको छ । फिल्मका तिनै अभिनेत्रीका कारण फिल्मको काम हालका लागि स्थगित गरिएको छ ।

‘वर्तमान समयमा आलिया र कटरिनाको निजी जीवनका कारण फिल्मको काम रोकिएको छ । आलिया अहिले पहिलो सन्तानको तयारीमा छिन् । त्यसकारण उनलाई यात्राको कथा समेटिएको यो फिल्ममा तत्काल अभिनय गराउन सम्भव छैन । प्रियंकाको छोरी पनि ६ महिनाकी मात्र भएकी छन् । उनी छोरीसँग अहिले खुशीका साथ बिताइरहेकी छन् । उनलाई पनि बोलाउन सम्भव छैन ।’

### बीमालेख हराएको सूचना

यस कम्पनीबाट जारी भएको तपशिल बमोजिमको बीमालेख न्यूरोड देखि कालिमाटीसम्म जाँदा हराएको हुनाले, सो बीमालेख उपर कसैको हकदाबी भए स-प्रमाण कम्पनीको प्रधान कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ । अन्यथा बीमा ऐन बमोजिम भईजाने व्यहोरा जानकारी गराईन्छ ।

नाम: राजेश महर्जन
बिमालेख नं.: १०७०२३५९४

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
काठमाडौं

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०७९/०५/१२

**ईजल्यान्ड फास्ट फुड एण्ड सेकुवा कर्नर प्रा.लि.**को मिति २०७९/०५/०१ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आई.डि. स्टोर प्रा.लि. (प्रा.लि. नं. २५०३६६)** कायम गर्ने गरी मिति २०७९/०५/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### मलेसियामा रोजगार

१. कम्पनी: TIP CORPORATION SDN.BHD.
शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०५/११ चलानी नं.: ६०१८६२३४ LT. No.:270377

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: GREEN IMAGE ORGANIX ENTERPRISE SDN BHD शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०५/११ चलानी नं.: ६०१८६२१३ LT. No.:270293

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १९ र २० गते (4 & 5 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Maven Recruitment Services Pvt. Ltd.**
साविकको: Baby Star International Pvt. Ltd.
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4492613, 4494173, Fax: 4494173
9851041565, Email: babystar149@gmail.com, Web.: www.babystar.com.np

### कतारमा रोजगार

१. कम्पनी: BALLETON TRADING CONTRACTING AND SERVICES
शहर: DOHA
पुर्व स्वीकृत मितिः २०७८/०६/१० चलानी नं.: ६०१६३८५९ LT. No.:246401 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1800 | ६२,७१२ | | | | | | | |
| 3. | Technician | 2 | 0 | | 2000 | ६९,६८० | | | | | | | |
| 4. | Eletrician | 4 | 0 | | 1200 | ४१,८०८ | | | | | | | |
| 5. | Eletric | 2 | 0 | | 3000 | १,०४,५२० | | | | | | | |
| 6. | Mason | 5 | 0 | | 1200 | ४१,८०८ | | | | | | | |

५. कम्पनी: DOHA SPECIALIZED DENTAL CENTER शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७७/१२/०४ चलानी नं.: ६०१५५७०७ LT. No.: 237480 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Staff Nurse | 0 | 2 | सम्बन्धित काममा दक्ष | 4200 | १,४६,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Cleaner | 1 | 0 | | 1000 | ३४,८४० | | | | | | | |
| 3. | Driver | 1 | 0 | | 2000 | ६९,६८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ १९ गते (4 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**C.D. Human Resources Pvt. Ltd.**
Kalimati Dol (Near Airport), Kathmandu
Tel.: 01-4586262, Fax: 4486263 | Mob.: 9851010834
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Gov. Lic. No. 1048/073/74

# साफ महिला च्याम्पियनसिपका लागि नेपाली टोली घोषणा



**काठमाडौं/मस–** रेखा पौडेललाई पुनरागमन गराउदै भदौ चौथो हप्तादेखि शुरु हुने साफ महिला च्याम्पियनसिपका लागि नेपाली राष्ट्रिय महिला टिमको घोषणा भएको छ। टिमका मुख्य प्रशिक्षक कुमार थापाले घरेलु मैदानमा हुने प्रतियोगिताको लागि २३ सदस्यीय टिमको घोषणा गरेका हुन्।

जसमा रेखाले पुनरामगन गर्दा तीन खेलाडी पहिलो पटक टोलीमा स्थान बनाएका छन्। समिक्षा घिमिरे, देपा शाही र अमिसा कार्की पहिलो पटक राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भएका छन्।

सवित्रा चोटका कारण र पुनम मुटुको शल्यक्रिया गर्नुपरेका कारण राष्ट्रिय टोलीभन्दा बाहिर रहेका थिए। सावित्राले पछिल्लो पटक झण्डै ३ वर्षअघि स्वदेशमा आयोजना भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) खेलेकी थिइन्। त्यसता टोलीले बंगलादेशसँग मैत्रीपूर्ण खेल र एसिया कप छनोट खेल्दा उनी टोलीमा थिइनन्।

पुनमको मुटुको समस्या भने गत वर्ष भदौमा दशरथ रंगशालामा बंगलादेशविरुद्धको मैत्रीपूर्ण खेलको केहि अघि मात्र थाहा भएको थियो। सावित्रालाई २०७७ को फागुनमा लिग खेल्दा घुँडामा गम्भिर चोट लागेको थियो।

असारमा कतार पुगेर शल्यक्रिया गरेर झण्डै सात महिनापछि उनी स्वदेश फर्केकी थिइन्। फर्केपछि उनले महिला लिग र भारत पुगेर गोकुलमका लागि केरेला लिगमा एक खेल खेलेर फर्केकी थिइन्। पुनम पनि मुटुको शल्यक्रियापछि ठिक भएर फर्केकी थिइन्।

प्रतियोगिताका लागि समूह 'बी' मा रहेको नेपालसँगै भुटान र श्रीलंका छन्। यस्तै, साविक विजेता भारतसँगै बंगलादेश र पाकिस्तान समूह 'ए' मा छन्। भदौ २१ गतेदेखि हुने प्रतियोगिताको पहिलो दिन नेपालले भुटानसँग खेल्नेछ। यस्तै, २७ गते नेपालले श्रीलंकाविरुद्ध खेल्नेछ।

नेपाली टिममा गोलकिपर एन्जिला तुम्बाप्पे सुब्बा, अन्जना रानामगर, उषा नाथ, रक्षक हिराकुमारी भुजेत, अमृता जैसी, गीता राना, पुनम जर्घामगर, निशा थोकर, समिक्षा घिमिरे, विमला विक, मिडफिल्डर विमला चौधरी, मन्जलीकुमारी योन्जन, प्रीती राई, सरु लिम्बू, दीपा राई, दीपा शाही, इन्दिरा राई, अनिता बस्नेत, अनिता केसी, फरवार्ड अमिषा कार्की, रेखा पौडेल, सावित्रा भन्डारी र रश्मीकुमारी घिसिङ रहेका छन्।

# नेपाल टी-२० लिगका लागि खेलाडी दर्ता खुला




**काठमाडौं/मस–** नेपाल क्रिकेट संघ (क्यान) ले नेपाल टी २० लिगका लागि खेलाडी दर्ता खुला गरेको छ। क्यानले शनिबार सामाजिक सञ्जालमार्फता खेलाडी दर्ता खुला भएको जानकारी दिएको हो। क्यानले खेलाडी दर्ताका लागि चार मापदण्ड राखेको छ।

खेलाडीले राष्ट्रिय खेलकुद, पीएम कप, मेयर कपमा नियमित रूपमा भाग लिएको र २०१८ देखि औसतभन्दा माथिको प्रदर्शन गरेको हुनु पर्नेछ। २०१८ देखि यू-१९ क्रिकेटको उमेर स्तरीय अन्तर्राष्ट्रिय प्रतियोगिता र सिरिजमा नेपालको प्रतिनिधित्व गरेको हुनु पर्नेछ।

यस्तै २०१८ देखि सिनियर स्तरका अन्तर्राष्ट्रिय प्रतियोगिता र सिरिजमा भाग लिएका खेलाडीहरूलाई प्राथमिकता दिइने क्यानले जनाएको छ। त्यस्तै २०१८ देखि नियमित रूपमा विभिन्न फ्रेन्चाइज लिगमा सहभागी भएका खेलाडीहरूलाई प्राथमिकता दिइने क्यानले जनाएको छ। एक टोलीमा जम्मा ११ जना नेपाली खेलाडी रहने छन्। टिम १६ जनाको बनाउनु पर्नेछ। हरेक टोलीले ५ जना विदेशी खेलाडी भित्र्याउन सक्नेछ।

क्यानले खेलाडी दर्ताका लागि अगस्ट ३१ सम्मको समय दिएको छ। असोज आठ गतेदेखि कार्तिक पाँच गतेसम्म चल्ने नेपाल टी २० क्यानको आधिकारिक प्रतियोगिता हो। यसमा नेपालका विभिन्न ६ सहरका ६ फ्रेन्चाइज टिमले प्रतिस्पर्धा गर्नेछन्।

# ट्रेल रनमा नेपालकी सुनमाया दोस्रो



**काठमाडौं/एजेन्सी–** नेपालकी सुनमाया बुढाले विश्वको उत्कृष्ट ट्रेल रनमा दोस्रो स्थान हासिल गरेकी छिन्। फ्रान्समा भएको यूटीएमबी सय किलोमिटर रेसमा नेपालकी सुनमाया दोस्रो बनेकी हुन्। द नर्थ फेस एडभेन्चर टिमबाट प्रतिस्पर्धामा उत्रिएको सुनमायाले निर्धारित दुरी ११ घण्टा ४५ मिनेट ४४ सेकेन्डमा पूरा गरिन्।

सुनमायालाई छोटो समयमा पछि पार्दै फ्रान्सकी ब्लान्डिनी ल हिरोन्डेली पहिलो बनिन्। उनले ११ घण्टा ४४ मिनेट ५५ सेकेन्डमा निर्धारित दुरी पार गरिन्। तेस्रो बनेकी अमेरिकाकी अबी हलले निर्धारित दुरी १२ घण्टा १२ मिनेट ५६ सेकेन्डमा पुरा गरिन्। मंगलबार सुरु भएको ट्रेल रन सुनमायाले शुक्रबार राति पुरा गरेकी थिइन्।

यस दौडलाई विश्वको कठिन दौड मानिन्छ। यूटीउमबी विश्वको सबैभन्दा ठुलो ट्रेल रन मध्यको एक हो। जसमा सबै विधामा गरि २५ सय भन्दा बढी खेलाडी सहभागी हुने गर्छन्। करिब एक हप्तासम्म चल्ने यस प्रतियोगितामा नेपालबाट सुनमाया सहभागी बनेकी थिइन्।

दोस्रो स्थान हासिल गरेपछि खेलपाटीसँग कुरा गर्दै सुनमायाले दोडमा आफुले राम्रो अनुभव महशुश गरेको बताइन्। 'पहिलेदेखिनै हाफ म्याराथन, फुल म्याराथन युरोपमा दौडदै आएको थिए।' उनले भनिन्, 'चौथो पटक फ्रान्समा दौडिन आएको थिए। वेस्ट दिने कोशिश गर्छु भन्ने थियो। ग्रुपले पनि टप टेनसम्म आए राम्रो मानिन्छ भन्ने कुरा गरेको थिए। तर सेकेन्ड नै भए।'

# सन्तोषी सम्मानित




**काठमाडौं/मस–** नेपालमा भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) की स्वर्ण विजेता सन्तोषी श्रेष्ठ शनिबार सम्मानित भएकी छन्। प्रयास मञ्च नेपालले कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना गरेको पूर्व धावक बृद्धवीर लामाको एघारौं गीतिमय साँझका अवसरमा सन्तोषीलाई सम्मान गरिएको हो।

सम्मानित हुने क्रममा सन्तोषीले हलमा रहेका आफ्ना गुरु रघुराज वन्तलाई पनि मञ्चमा उपस्थित गराइ दिन आयोजकसंग अनुरोध गरेकी थिइन्। सन्तोषीले १३ औं सागको एथलेटिक्सतर्फ १० हजार मिटर दौडमा स्वर्ण जितेकी थिइन्।

सोही अवसरमा सिंगापुर गोर्खा पुलिस रेजिमेन्टमा कार्यरत धावक निमेश गुरुङलाई 'अन्तर ाष्ट्रिय खेल रत्न सम्मान' तथा द्रुक अन्तर्राष्ट्रिय सितोरियो कराते डो संघका सञ्चालक रनबहादुर राईलाई 'लाइफटाइम एचिभ्मेन्ट' अवार्डबाट सम्मान गरिएको थियो।

त्यस्तै ६० वर्षे धावक शम्भुप्रसाद दाहाल, ६७ वर्षे धावक पुष्पलाल श्रेष्ठ, पूर्व धाविका लिना प्रधान, धावक लाक्पा शेर्पा लामा, ओलम्पियन मुकुन्दहरि श्रेष्ठ, भेट्रान धावक धर्म महर्जन, पूर्व धाविका उषा मानन्धर, धावक देव महर्जन र पूर्व खेलाडी नरबहादुर थापा पनि सम्मानित भए। त्यसै अवसरमा वरिष्ठ संगीतकार एवं गायक पुष्प गजमेर, गीतकार तथा भुटनिज अमेरिकन म्युजिक एसोसिएसन (बामा) का अध्यक्ष खेम रिजाल, संगीत संयोजक जीवनप्रकाश प्रधान र गायक तथा संगीतकार प्रताप सुब्बालाई पनि सम्मान गरियो।

उनीहरुलाई पूर्व प्रधानमन्त्री झलनाथ खनाल, ज्ञानोदय बाल वाटिकाकी संस्थापक प्रिन्सिपल इन्दिरा याक्थुम्बा, पूर्व धावक एवं रचनाकार बुद्धवीर लामालगायतले एक कार्यक्रमबीच सम्मान गरे।

# भारतमाथि फिफाको प्रतिबन्ध फुकुवा



**काठमाडौं/एजेन्सी–** विश्व फुटबलको सर्वोच्च निकाय फिफाले शुक्रबार अखिल भारत फुटबल संघ (एआइएफएफ) माथिको निलम्बन फकुवा गरेको छ। सन् २०२० मा हुनुपर्ने निर्वाचन १८ महिनासम्म नगरेपछि भारतको सर्वोच्च अदालतले तत्कालिन अध्यक्ष प्रफुल पटेललाई पदबाट हटाएको थियो। एआइएफएफको जिम्मेवारी तीन सदस्यीय कमिटीलाई दिएको थियो।

यो कमिटीलाई अदालतले एआइएफएफको निर्वाचन र नयाँ विधान लागू गर्ने जिम्मेवारी दिएको थियो। तर फिफाले तेस्रो पक्षको हस्तक्षेप भएको कारण देखाउँदै एआइएफएफलाई अगस्ट १६ मा तत्काल लागू हुने गरी निलम्बन गरेको थियो। त्यसयता भारत फिफाको निलम्बनबाट फुकुवा हुन तिव्र रुपमा कार्य गरिरहेको थियो।

भारतको सर्वोच्च अदालतले सोमबार आफैले गठन गरेको तीन सदस्यीय कमिटीलाई खारेज गर्दै एआइएफएफ सञ्चालनको अधिकार संघका महासचिव सुनन्दो धरलाई दिइएको थियो। सो आदेश लगत्तै महासचिव सुनन्दोले निलम्बनका बारेमा पुनर्विचार गर्न फिफा समक्ष आग्रह गरेका थिए।

फिफाले पूर्ण रुपमा एआइएफएफले दैनिक प्रशासनिक काम आफ्नै नियन्त्रणमा लिएपछि मात्र निलम्बन फकुवा हुने जनाएको थियो। एआइएफएफको चुनावी साधरणसभा सेप्टेम्बर २ मा हुँदैछ। फिफाले एआइएफएफको दैनिक गतिविधिमा निरन्तर निरिक्षण गर्ने र चुनावमा पनि सहयोग गर्न जनाएको छ।

निलम्बन फुकवा भएसँगै भारतले अक्टोबर ११ देखि ३० सम्म आयोजना हुने भनिएको यु १७ महिला विश्वकपको आयोजना अधिकार पुनः प्राप्त गरेको छ।

**Invitation for Online Bids**

**Phungling Municipality**

**Office of the Municipal Executive**

**Taplejung, Province No. 1, Nepal**

**Date of first publication: 2079/05/12 ( 28th August 2022)**

1. The Government of Nepal (GoN), has provided a grant towards the Phungling Municipality for the cost of the construction Program and intends to apply part of the funds to cover eligible payments under the Contract as mention below:
2. Only eligible Nepalese bidders with the following key qualifications should participate in this bidding: Agency Registration, VAT Registration and Income tax clearance / Submission certificates.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Phungling Municipality, Taplejung, Mob no: 9862668298, 024-460113, email on the email address info@taplejungmun.gov.np : or may visit PPMO's e-GP system *www.bolpatra.gov.np/egp*.
4. For Bidders & submission of bidding documents from PPMO's e-GP system *www.bolpatra.gov.np/egp.*
   ***Information to deposit the cost of bidding document in Bank:***
   *Name of the Bank* : ***Nepal Bank Limited, Taplejung Branch***
   *Name of Office* : **Phungling Municipality Office, Taplejung**
   *Last Date of Purchasing of Bidding Documents from online:* 2079 Ashwin 10 at office hrs.
   *Account No.* : 06203000001001000002 *Mul Kosh Khata*
5. Bids must be submitted through e-GP system *https:www.bolpatra.gov.np/egp* on before12:00 Hrs on 11 Ashwin 2079. Bids received after this deadline will be rejected.
6. Bids must be valid for a period of *90 days* after opening of bids and must be accompanied by Cash Security or Bank Guarantee, amounting as mentioned in table below, which shall be *valid for 120 days* after opening of the bids.
7. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the **Phungling Municipality Office Taplejung, Dharauti Account no: 06203000003000000002** *Dharauti* ***at Nepal Bank Limited, Taplejung branch*** and submit the receipt of the deposited amount of cash along with the bid.
8. The bids shall be opened in the presence of bidder's representative who chooses to attend at 13:00 Hrs 11 Ashwin 2079 at the office of **Phungling Municipality, Office of Municipal Executive, Taplejung.** Bids must be valid for a period of ***90days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
11. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason.
12. Any intimidation, inclusion and curtailing during bidding process shall be punishable by law.

| Contract ID No. | Name of Projects | Estimated Cost With VAT & PS (NRs) | Bid Security Amount (NRs) | Bid Fee (NRs) |
|---|---|---|---|---|
| NCB/Phunglingmun/ Works/02/079/080 | Construction Works of 8 No. ward office Building. | 16515928.07 | **413000** | **3,000.00** |

**[ Chief Administrative Officer ]**

Provincial Government
Lumbini Province
Ministry of Agriculture and Land Management
Directorate of Livestock and Fisheries Development

**Poultry Development Farm**

Khajura, Banke

**Invitation for Bids**

**IFB No. PDF/NCB/G/2079-80/02**

Date of publication: 28 Aug, 2022

1. The Poultry development farm, Khajura Banke (PDF), invites bids from eligible bidders (raw materials suppliers) for the Procurement of poultry feed ingredients for Poultry development farm under National Competitive Bidding procedures. The name and identification of the contract are as follows.

| S. N. | Contract ID No. | Name of Procurement | Type of feed | Estimated Quantity ( Kg) | Bid Security NPR | Document Fee NRP |
|---|---|---|---|---|---|---|
| 1. | PDF/NCB/G/ 02/2079-80 | Procurement of poultry feed ingredients | Diffrent ingredients mention on BID doc. | 107,700 Kg | 2,35,000/- | 3,000.00 |

2. Eligible bidders (Feed production Industry/company) may obtain further information at PDF, Khajura Banke, Tel 081- 560201, 9858024218 and email pdfkhajura@gmail.com.
3. Bidding documents electronically may download for e-submission from e-GP system http://www.bolpatra.gov.np.
   Information to deposit the cost of bidding document in bank:
   Name of the Bank : Rastriya Banijya Bank;
   Name of Office : Poultry Development farm, Banke
   Office Code Number : 3120257025
   Office Account Number : 110-01
   Rajaswa Shirshak (revenue) Number : 14229
4. Electronic bids must be submitted to the Poultry Development Farm, Khajura Banke by electronically through PPMO website http://www.bolpatra.gov.np/egp on or before 12:00 Noon Sep. 27, 2022. Bids received after this deadline will be rejected.
5. Bids shall be opened in the presence of bidder's representatives who choose to attend 1:00 PM on Sep. 27, 2022. at PDF Khajura, Banke.
6. Bid security as mentioned above which shall be valid for minimum 120 days from the day of bid opening? If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Province account Treasurer Control unit , Banke , Deposit Account No. 4130100202030000 at Rastriya Banijya Bank and submit the receipt of the deposited amount of cash along with the bid document.
7. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.

### सहकारीमा बिग मर्जर

# पाँच वटा सहकारी मिल्ने

**काठमाडौं/मस-** काठमाडौंका विभिन्न स्थानमा रहेर संचालित पाँचवटा सहकारीहरु एक आपसमा मर्ज हुने भएका छन् । शनिवार काठमाडौंमा एक कार्यक्रममको आयोजना गरी पाचैवटा सहकारीविच सम्झौता भएको हो ।

आइडल यमुना बहुद्देश्यीय सहकारी संस्था, नेशनल नमोवुद्ध बचत तथा ऋण सहकारी संस्था, नागरिक कल्याण बहुद्देश्यीय सहकारी संस्था, सत्कार बचत तथा ऋण सहकारी संस्था र घेदुङ बहुदेश्यीय सहकारी संस्था लिमिटेड एक आपसमा मर्ज हुने सम्झौता गरेका हुन् । मर्जपछि संस्थाको कारोबार झण्डै ९ अर्ब रुपैयाँ पुग्ने छ । संस्थाका अनुसार मर्जपछि बन्ने संस्थाको बचत ४ अर्ब ६३ करोड ७० लाख ८ हजार ५९७ रुपैयाँ, ४ अर्ब ९९ करोड ४५ लाख ३९ हजार १२८ रुपैयाँ ऋण तथा लगानी पुग्नेछ । त्यस्तै संस्थाको कुल सम्पत्ति ७ अर्ब ५८ करोड १ लाख ७५ हजार १९६ रुपैयाँ पुग्ने पनि संस्थाले जनाएको छ ।

सम्झौता अनुसार मर्जभएपछिको सहकारीको नाम 'नेशनल आइडल यमुना बचत तथा ऋण सहकारी संस्था लि.' बन्नेछ भने अध्यक्ष ज्ञानबहादुर तामाङ र कार्यकारी प्रमुख कुयाङ लामा रहने सम्झौता भएको छ । त्यस्तै मर्जपछि सहकारी संस्थाको शेयरपुँजी ३० करोड ८१ लाख २२ हजार ५०० रुपैयाँ, सदस्य संख्या ३५ हजार २० जना पुग्नेछन् भने ऋणी सदस्य संख्या ६ हजार ८५८ जना पुग्ने संस्थाले जनाएको छ । त्यस्तै मर्जपछि संस्थाको जगेडा कोष १४ करोड ६६ लाख ८९ हजार ९८२ रुपैया र कर्जा जोखिम कोष १२ करोड ४२ लाख ३५ हजार ८९८ रुपैयाँ पुग्ने संस्थाले जनाएको छ । त्यसैगरी संस्थाको तरलता रकम १ अर्ब १३ करोड ९८ लाख ८७ हजार ८१७ रुपैयाँ र २४.५८ प्रतिशत रहने संस्थाले जनाएको छ।

मर्ज सम्झौता कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कँडेलले विभिन्न ठूला सहकारीहरुले दिएको सेवाको उदाहरण दिदै जति ठूलो सहकारी उति धेरै सेवा पाउने सक्ने दावी गरे । त्यसैगरी उनले नगरपालिकाभित्रका वित्तिय सहकारी कारोबार गर्ने सहकारीको दर्ता बन्द गर्नुपर्ने धारणा राख्दै नीतिगत रुपमा बहस पैरवी गर्नका लागि महासंघ निरन्तर लागिरहेको दावी गरे ।

त्यस्तै उनले अन्य संस्थाहरुले पनि एकीकरण अभियानलाई निरन्तरता दिनुपर्ने, संचालकहरुले पनि सदस्यको पैसामा रजाई नगरी सदस्यहरुको हितमा काम गर्नुपर्ने बताए । सोही कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केवी उप्रेतिले सहकारीहरुमा बचत फिर्ताको समस्या नआएको दावी गर्दै बैंक तथा वित्तिय संस्थाले अपवाह फैलाएको दावी गरे ।

# '४ पांग्रे र २ पांग्रे सवारी साधनको स्टल बुकिङ सम्पन्न भएको छ'

**आगामी असोज ६ गतेदेखि ९ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा नाडा अटोमोबाइल्स एशोसिएसन अफ नेपालको आयोजनामा 'नाडा इभी एक्स्पो २०२२' हुन गइरहेको छ । सरकारले सवारी साधनको आयातमा प्रतिवन्ध लगाएर सो क्षेत्रको व्यापार व्यवसायमा चुनौती सिर्जना भइरहेको बेलामा नाडाले इभी एक्स्पो आयोजना गर्न लागेको हो । नाडाले इभी एक्स्पोको लागि स्टल बुकिङ लगायत धेरै तयारी पुरा गरिसकेको छ । प्रस्तुत छ नाडा अटोमोवाइल्स एशोसियसन्स अफ नेपालका अध्यक्ष ध्रुव थापासँग मध्यान्ह दैनिकका लागि नारायण अर्यालले गरेको कुराकानीको सम्पादित अंश :**


ध्रुव थापा
अध्यक्ष, नाडा अटोमोवाइल्स एशोसियसन्स अफ नेपाल

**नाडा इभी एक्स्पो २०२२ को तयारी कहाँ पुगेको छ ?**

स्टल बुकिङको काम सम्पन्न भएको छ। चारपांग्रे र २ पांग्रे सवारी साधनको बुकिङ लिने काम सकिएको छ। निश्चित बाहिरी कामहरु सबै सकियो। अहिले मुलतः योजनाको चरणमा छौं, यो चरणमा सबै जनाको सहयोग पनि राम्रै पाइराखेका छौं। सरकार अटो क्षेत्रप्रति नै नकारात्मक भइरहेको अवस्थामा अटो व्यवसाय क्षेत्रका व्यक्तिहरु र प्रयोगकर्ताहरुले हाम्रो एक्स्पोलाई राम्रोसँग सहयोग गर्नुभएको अवस्था छ ।

**पछिल्लो अवस्थामा हाम्रो देशमा कति कम्पनीका विद्युतीय गाडी बिक्री हुने गर्दछन र त्यसमध्ये कति कम्पनीले सो एक्स्पोमा सहभागिता जनाउने भएका छन् ?**

अहिले नेपालमा स्थायी रुपमा बिक्री वितरण गरेको भनेको ७/८ वटा कम्पनीहरु हुन् । अनि नयाँ आएका कम्पनीहरु भनेको ४/५ वटा कम्पनी छन् । यी मध्ये ८ वटा चारपांग्रे र १७/१८ वटा दुइपांग्रे कम्पनीहरु एक्स्पोमा सहभागी हुन आइसकेका छन् । त्यसैगरी अटो कम्पनीको टायर, एक्सेसरिस, स्पेयर पार्टसहरु मध्येका कम्पनीहरु पनि १५/१६ वटा सहभागी हुन आइसकेका छन् । बैंक र फाइनान्सियल संस्थाहरु पनि ३ वटा आइसकेका छन् । यसरी हेर्दा हाम्रो एक्स्पोमा आवश्यकताअनुसार र नेपालमा बिक्री वितरण हुने गाडीहरुमध्ये संख्याको आधारमा सहभागिता हुन आइसकेको अवस्था छ ।

**के नेपालमा डिलर राखेर बिक्री वितरण प्रारम्भ नभएका कम्पनीहरु पनि एक्स्पोमा सहभागिता जनाउन आउादैछन् ?**

आउँदैछन् । जस्तै टेस्ला कम्पनीले स्टल बुकिङ गरेको छ। एक्स्पोसम्म कम्पनीको गाडी पनि आउने सम्भावना रहेको छ । एक्स्पोमा सहभागीहरुले टेस्ला सहित नेटा भी, किया, हुन्डाई, टाटा, दिगो, लगायतका गाडीहरुका नयाँ प्रोडक्टहरुको सहभागिता एक्स्पोमा हुने छ ।

**अहिले सवारी साधनको व्यापारमा त इभी आफैमा आकर्षणको केन्द्र बनेको छ। खासमा यो एक्स्पोको उद्देश्य के रहेको छ ?**

हो, हामीले विद्युतीय सवारी साधनमा हामीले माग जति आपुर्ति नै गर्न सकिरहेका छैनौं । सवारी साधनको क्षेत्रमा विश्वभरी नै नयाँ-नयाँ प्रविधिको विकास भइरहेका हुन्छन् । पछिल्लो समयमा इभीको क्षेत्रमा नयाँ प्रविधिहरु नेपालमा आइरहेका छन् । हामीले एक्स्पोमार्फत व्यवसायी र उपभोक्ताहरुलाई जानकारी दिनेछौं । साथै यो एक्स्पोमा युएसआइडीको सहयोगमा हामीले इभीको विषयमा सेमिनार पनि सञ्चालन गर्दैछौं ।

a step toward sustainable mobility...
NADA
EV EXPO 2022

जसमार्फत इभी क्षेत्रमा भएका विकास र यस क्षेत्रमा हुनसक्ने दिगो सम्भावनाको विषयमा छलफल हुनेछ ।

**सरकारले पनि विद्युतीय सवारी साधनलाई महत्व दिएको देखिन्छ। पछिल्लो समयमा विद्युतीय सवारी साधनको क्षेत्रमा खरिद पनि बढिरहेको तथ्यांकले देखाएको छ । सोही अनुपातमा चार्जिङ श्टेशन लगायत सो सम्बन्धित भौतिक क्षेत्रमा कत्तिको विकास भएको छ ?**

भएको छ । केही दिन अगाडि मात्रै नेपाल विद्युत प्राधिकरणले ससस्त्र प्रहरीसँग इलेक्ट्रिक चार्जिङ स्टेशन निर्माण गर्ने विषयमा सम्झौता भएको छ । एक्स्पो सञ्चालन गर्ने विषयमा पनि हामीले नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गर्दैछौं ।









प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**